# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २८७ | काठमाडौं | आइतबार, ०३ फागुन २०८२ | Prabhab National Daily | Sunday, 15 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**मतदान किन गर्ने ?**

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
- योग्य जनप्रतिनिधिको छनौट गर्न ।
- नागरिक कर्तव्य निर्वाह गर्न ।
- जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न ।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# झस्किएका ओलीको मतदातालाई बिन्ती



*तस्विर: केपी शर्मा ओलीको फेसबुक पेजबाट*

- मतदातासँग ओलीको प्रत्यक्ष अपिल
- मुख्य चुनौती बालेन्द्र र रञ्जित
- विकास र रोजगारी योजनाको प्रतिबद्धता
- सुशासन र जनअधिकार स्थापित गर्ने वाचा
- मतदाताको घरघरमा पुगेर चुनावी प्रभाव बढाउने प्रयास

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** झापा-५ मा निर्वाचन जित्न चुनौती बढ्दै गएपछि एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मतदाताहरूमाझ आफूलाई मतदान गर्न अपिल गरेका छन् । राष्ट्रिय स्वाधीनता, सुशासन, विकास निर्माणको तीव्रता र रोजगारी सिर्जनाका लागि आफूलाई मत दिन उनले आग्रह गरेका हुन् ।

शनिबार एक पर्चा जारी गर्दै ओलीले मत मागेपछि उनी चुनावी नतिजा आफ्नो पक्षमा पार्न निकै अप्ठेरो अवस्थामा रहेको विश्लेषण भइरहेको छ । अघिल्ला निर्वाचनहरूमा ओली यसरी पर्चा जारी गरेर मत माग्दैन थिए । यसपटक अघोषितरूपमा उनलाई जेन-जी विद्रोहमार्फत सत्ताच्युत गरेका काठमाडौं महानगरका पूर्वप्रमुख बालेन्द्र (बालेन) शाह प्रतिस्पर्धा गर्न झापा-५ पुगेका छन् । ओलीविरुद्धका सर्वाधिक बलिया प्रतिस्पर्धीका रूपमा उनलाई हेरिएको छ ।

त्यति चर्चा नगरिएका तर अनपेक्षितरूपमा चुनावी नतिजा आफ्नो पक्षमा पार्न सक्ने नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता रञ्जित तामाङ पनि प्रतिस्पर्धी हुन्, जसले ओलीलाई चुनावमा जितका लागि भयभित बनाएको छ । यस्तोमा ओलीका लागि मत मागिएको एक पृष्ठको पर्चा उनको चुनाव क्षेत्रको पार्टी कमिटीले जारी गरेको हो ।

त्यहाँ ओलीको प्रतिबद्धताको रूपमा उल्लेख छ, 'राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै लोकतन्त्रको सुदृढीकरण गर्ने ।' विदेशी हस्तक्षेप अन्त्य गर्ने, भ्रष्टाचार र कुशासन नियन्त्रण गर्ने तथा जनताको अधिकारलाई सुनिश्चित गर्न पनि ओलीलाई मत दिनुपर्ने भनिएको छ ।

देशभर फैलिएको निराशा अन्त्य गर्दै स्थिरता र शान्ति सुनिश्चित गर्ने प्रतिबद्धता जनाइएको छ । सुशासन कायम गर्ने, प्रशासनिक सुधार अघि बढाउने र जनतामुखी शासन प्रणाली सुदृढ गर्ने दाबी गरिएको छ । झापा-५ र देशभर सञ्चालनमा रहेका तर अधुरा रहेका विकास निर्माणका कामलाई प्राथमिकताका साथ सम्पन्न गर्न ओलीलाई मत दिनैपर्ने पर्चामा छ । निर्वाचनमा जिताउँदा पूर्व-पश्चिम करिडोर, हुलाकी सडक, मदन भण्डारी मार्गलगायतका पूर्वाधार आयोजना सम्पन्न गर्ने पनि बताइएको छ ।

साथै, दमकमा निर्माण हुने भएको नेपाल-चीन मैत्री औद्योगिक पार्क निर्माणलाई तीव्रता दिने, स्थानीय बजार हरूको आधुनिकीकरण गर्ने र औद्योगिक तथा कृषि उत्पादन वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । देशमै रोजगारी सिर्जना गर्ने, युवालाई प्राविधिक शिक्षामा जोड्ने तथा सीप विकासमार्फत स्वरोजगार अभिवृद्धि गर्ने योजना पर्चामा समेटिएको छ ।

क्रमशः पृष्ठ २ मा

राप्रपाको संकल्पपत्र

# प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको एजेण्डा 'गायब', सुशासन प्राथमिकतामा



बरू नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं । उच्चस्तरीय आयोग गठन गरी २०४६ सालपछि उच्च पदमा बसेका नेता तथा कर्मचारीको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत गर्ने व्यवस्था मिलाइने छ । भ्रष्टाचारसम्बन्धी सूचना दिनेलाई संरक्षण गर्ने कानुन ल्याउने प्रतिबद्धता गरिएको छ ।

■ **राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा



■ **जेबी योञ्जन**

**काठमाडौं–** पूर्वपञ्चहरूको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रतिनिधिसभा निर्वाचनका लागि सार्वजनिक गरेको संकल्पपत्रमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको एजेण्डा समावेश नगरेको पाइएको छ । शनिबार पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले संकल्पपत्र (घोषणापत्र) सार्वजनिक गर्दा शासकीय स्वरूप, राज्य पुनर्संरचना र सुशासनका विषयमा विस्तृत धारणा प्रस्तुत गरिए पनि प्रत्यक्ष प्रधानमन्त्रीको प्रस्तावबारे कतै उल्लेख छैन । यसलाई पार्टीभित्र लामो समयदेखि चल्दै आएको आन्तरिक विवादको उपजको रूपमा लिइएको छ ।

राप्रपाले विगतका चुनाव र सार्वजनिक बहसहरूमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय प्रणालीलाई राजनीतिक स्थायित्वको उपायका रूपमा अघि सार्दै आएको थियो । तर, यसपटक संकल्पपत्रमा त्यो एजेण्डा नदेखिनुले पार्टीको प्राथमिकता फेरिएको संकेत गरेको छ ।

पार्टीभित्र अध्यक्ष लिङ्देन प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको पक्षमा देखिँदै आएका थिए । वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री डा. धवलशमशेर राणालगायत नेताहरू यसको विपक्षमा उभिएका थिए । पार्टीमै प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको एजेण्डामा सहमति नजुटेपछि चलाखीपूर्ण ढंगले संकल्पपत्रमा विषयलाई उल्लेख नगरेको पाइएको छ ।

राप्रपा अध्यक्ष लिङ्देननिकट कार्यसम्पादन समिति सदस्यले प्रभावलाई भने, 'प्रत्यक्ष प्रधानमन्त्रीय प्रणालीमा जाने भन्नेमा विगतदेखि नै पार्टीमा मतभेद थियो । एकमतको प्रयास भए तर सम्भव भएन । त्यसपछि हामीले त्यसलाई यसपटक समेटेनौं ।'

संकल्पपत्रमा अभिभावकीय संस्थाका रूपमा राजसंस्था आवश्यक रहेको स्पष्ट उल्लेख छ । साथै, संघीय संरचनाअन्तर्गत रहेका प्रदेशहरू खारेज गरी केन्द्र र बलियो स्थानीय तहसहित दुई तहको शासन प्रणाली कायम गर्नुपर्ने प्रस्तावलाई प्रमुख एजेण्डाका रूपमा अघि सारिएको छ ।

क्रमशः पृष्ठ २ मा

**संकल्पपत्रमा के छ ?**

- राजसंस्थालाई अभिभावकीय संस्थाका रूपमा प्रस्ताव
- प्रदेश खारेज गरी केन्द्र र स्थानीय तहको प्रस्ताव
- स्थानीय तह गैरदलीय बनाउनुपर्ने
- हिन्दू राष्ट्र पुनर्स्थापनाको प्रस्ताव
- भ्रष्टाचारविरूद्ध नाराः 'नष्ट हुन्छौं तर भ्रष्ट हुँदैनौं'
- २०४६ पछिका उच्च पदाधिकारीको सम्पत्ति छानबिन प्रस्ताव
- अवैध सम्पत्ति जफत गर्ने प्रतिबद्धता
- भ्रष्टाचारको सूचना दिनेलाई कानुनी संरक्षण
- स्वार्थको द्वन्द्वसम्बन्धी कानुन लागू गर्ने योजना
- संवैधानिक नियुक्तिमा राजनीतिक हस्तक्षेप हटाउने प्रतिबद्धता
- न्यायपालिका पुनर्संरचना गर्ने एजेण्डा
- सुरक्षा निकायलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने योजना
- राप्रपाको विदेश नीतिः नेपाल प्रथम, नेपाली प्रथम
- कृषि आधुनिकीकरण र उत्पादन वृद्धि लक्ष्य
- पर्यटन, उद्योग र ऊर्जा विकासमा जोड
- स्वदेशमै रोजगारी सिर्जना
- शिक्षा सीपमूलक र स्वास्थ्य सेवामा पहुँच विस्तार

सन्दर्भ:वैदेशिकरोजगार

# युएईमा नेपाली श्रमिकका स्वास्थ्य अवस्थाबारे अन्तरक्रिया

## कम्तीमा छ महिनामा एक पटक स्वास्थ्य जाँच गराउन चिकित्सकको सुझाव

- श्रमिकले भोग्नुपरेका शारीरिक तथा मानसिक स्वास्थ्य समस्या र त्यसको समाधान एवं रोकथामका लागि अपनाउनुपर्ने उपायहरूका बारेमा नेपाली चिकित्सकहरूसँग अन्तरक्रिया
- नेपाली श्रमिकमा शारीरिकसँगै मानसिक समस्या अझ बढी रहेको चिकित्सकहरूको भनाइ
- स्वास्थ्यसम्बन्धी चेतनाको कमी, स्वास्थ्यलाई हल्का रूपमा लिने र रोग लुकाउने प्रवृत्ति
- श्रमिकलाई नियमितरूपमा कम्तीमा छ महिनामा एकपटक स्वास्थ्य जाँच गराउन, पर्याप्त मात्रामा पानी पिउन, मदिरा सेवन त्याग्न, स्वास्थ्य बिमाबारेमा जानकारी लिन सुझाव





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई)को आबुधावीस्थित नेपाली दूतावासले नेपाली श्रमिकले भोग्नुपरेका शारीरिक तथा मानसिक समस्यामा केन्द्रित रहेर अन्तरक्रिया सम्पन्न गरेको छ । श्रमिकले भोग्नुपरेका शारीरिक तथा मानसिक स्वास्थ्य समस्या र त्यसको समाधान एवं रोकथामका लागि अपनाउनुपर्ने उपायहरूका बारेमा नेपाली चिकित्सकहरूसँग अन्तरक्रिया गरिएको दूतावासले जानकारी दिएको छ ।

कार्यक्रममा युएईमा कार्यरत २५ जना नेपाली चिकित्सक सहभागी थिए । चिकित्सकहरूले नेपाली श्रमिकमा शारीरिक तथा मानसिक दुवै किसिमका समस्या देखिने गरेको उल्लेख गर्दै मानसिक समस्या अझ बढी रहेको बताए । उनीहरूले त्यहाँ कार्यरत नेपाली श्रमिकमा विशेष गरी उच्च रक्तचाप, हृदयघातको समस्या, मिर्गौलाको समस्या, मानसिक तनावका कारण महिलासँग सम्बन्धित विभिन्न समस्या रहेको बताए । त्यस अवसरमा उनीहरूले ती समस्यालाई न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा परामर्श दिएका थिए ।

चिकित्सकहरूले स्वास्थ्यसम्बन्धी चेतनाको कमी, स्वास्थ्यलाई हल्का रूपमा लिने र रोग लुकाउने प्रवृत्ति, खाडी राष्ट्रमा कार्यरत वातावरणीय असरबारे पर्याप्त जानकारी नहुनु, आफ्नो स्वास्थ्य बिमाका बारेमा अनभिज्ञता र भाषाको समस्याका कारण धेरैजसो नेपाली श्रमिकहरू स्वास्थ्य जाँच गराउन समयमै अस्पताल नजाने गरेको उल्लेख गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

# असुरक्षित स्थानमा काम नगर्न भारतस्थित नेपाली दूतावासको आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावासले असुरक्षित स्थानमा रोजगारीको प्रस्ताव गर्ने बिचौलियाको प्रलोभनमा नपर्न आग्रह गरेको छ । शुक्रबार एक सार्वजनिक अपिल जारी गर्दै दूतावासले अनधिकृत स्थानमा रोजगारी प्रस्ताव गर्ने अज्ञात व्यक्तिको फन्दामा नपर्न सचेत गराएको छ ।



गत फेब्रुअरी ५ मा मेघालयको इस्ट जेन्टिया हिल्स जिल्लामा भएको कोइलाखानीको विष्फोटमा नौ जना नेपाली नागरिकको मृत्यु भएको घटनाप्रति समवेदना व्यक्त गर्दै दूतावासले उक्त अपिल गरेको हो । आफ्नो आधिकारिक वक्तव्यमा दूतावासले शोकाकुल परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ ।

दूतावासले श्रमिकलाई रोजगारदाता, तलब, सुविधाको विवरणको जानकारी लिएरमात्र काम गर्न भनेको छ । त्यस्तै कुनै पनि रोजगार स्वीकार गर्नुअघि आवश्यक कानुनी तथा प्रक्रियागत औपचारिकता पूरा गर्न सल्लाह दिएको छ ।

मेघालयको पूर्वजैंटिया हिल्सको माइनस्नाट-थाङ्स्को कोइलाखानीमा फेब्रुअरी ५ मा डाइनामाइट विष्फोट भएको थियो । जसमा ३० जनाभन्दा बढी मानिसको ज्यान गएको थियो । मृतकमा नेपालका नौजना रहेका इटिभी भारतले जनाएको छ । यद्यपि मृतक नौ जनाकै विवरण भने खुलाइएको छैन । हालसम्म चार जना मृतकको मात्र पहिचान खुलेको छ ।

क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराउन प्रधानसेनापतिको निर्देशन




**काठमाडौं (प्रस)–** प्रधानसेनापति अशोकराज सिग्देलले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन विशेष निर्देशन दिएका छन् ।

महाशिवरात्रि तथा २६२औं सेना दिवसका अवसरमा शनिबार सैनिक मुख्यालयमा आयोजित विशेष कार्यक्रममा नेपाली सेनाका सकल दर्तालाई शुभकामनासहित सम्बोधन गर्दै उनले नेपाली सेनाले विभिन्न क्षेत्रहरूमा निर्वाह गर्दै आइरहेको जिम्मेवारीलाई उत्कृष्ट ढंगले पूरा गर्ने क्रममा निर्वाचनलाई शान्तिपूर्णरूपमा सम्पन्न गराउनसमेत विशेष निर्देशन दिए ।

उनले नेपालको गौरवमय गाथा, परम्परा, सस्कृति, चिन्न, गौरव गर्न तथा इतिहासका पाठहरूबाट सिक्न सबै सैनिक तालिममा नेपाल र नेपालीको इतिहास अध्ययन र अध्यापन गराउनसमेत निर्देशन दिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

शनिबार नै आयोजित एक फरक कार्यक्रममा उनले कर्तव्य पालनाको सिलसिलामा जीवन उत्सर्ग गर्ने सैनिकहरूको सम्मानमा वीर स्मारक तथा सैनिक मञ्च टुँडिखेलमा श्रद्धासुमन अर्पण गरे । त्यसैगरी उनले छाउनीस्थित वीर स्मारकमा पनि वीरगति प्राप्त सैनिकका परिवारलाई सम्मान गरेको निर्देशनालयले जनाएको छ ।

# आधारभूत तहको 'प्रश्नपत्र निर्माण तथा मूल्यांकन' गर्दै कामपा




**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका आधारभूत तहको 'प्रश्नपत्र निर्माण तथा मूल्यांकन'का लागि जुटेको छ । विद्यार्थीको मूल्यांकनका तरिका र प्रश्नपत्र निर्माणलाई स्तरीय तथा समान, समयसापेक्ष एवं वैज्ञानिक बनाउनका लागि कामपाले प्रशिक्षणको आयोजना गरिसकेको छ ।

कामपा शिक्षा तथा स्वास्थ्य समितिका संयोजक चिनीकाजी महर्जनले भने, 'शिक्षा भनेको योग्यता मापनको सूचकमात्र होइन । शिक्षाले व्यक्तिलाई विपन्नताबाट सम्पन्नता प्रदान गर्न सक्नुपर्छ । यसका लागि कामपाका सामुदायिक विद्यालयमा संघ सरकारको लगानीमा कामपाले एक अर्ब ३२ करोड रूपैयाँ लगानी थप गरेको छ । अभिभावकको आर्थिक, सामाजिक अवस्थाले पनि शैक्षिक गुणस्तर कायम गराउन भूमिका खेलेको हुन्छ। आन्तरिक र बाह्य समन्वयलाई मजबुत बनाउनेछौं ।'

'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ (दोस्रो संस्करण, २०७९)' ले विद्यालय शिक्षाको राष्ट्रिय, तहगत, कक्षागत र विषयगत उद्देश्य, विषयगत सक्षमता तथा प्रमुख सिकाइ क्षेत्र व्यवस्थित गरेको जनाउँदै उनले यसको विद्यालय तथा कक्षाकोठामा कार्यान्वयन पक्ष चुनौतीपूर्ण रहेको बताए ।

कामपा विद्यालय व्यवस्थापन महाशाखा प्रमुख एवं शिक्षा अधिकृत इन्द्रप्रसाद दाहालले भने, 'शिक्षक सक्षमताको प्रारूप, २०७२ ले निरन्तर सिकाइ र पेसागत विकासलाई शिक्षकको एउटा प्रमुख सक्षमताका रूपमा उल्लेख गरेको छ ।' यसैअनुसार शिक्षकलाई प्रश्नपत्र विकास एवं मूल्यांकनसम्बन्धी तालिम दिइएको उनले उल्लेख गरे ।

तालिमबाट आधारभूत तहको सिकाइ मूल्यांकन गर्ने विधिमा समानता आउने कामपाले विश्वास व्यक्त गरेको छ । स्रोत शिक्षक रश्मी तामाङले भनिन्, 'शिक्षकका लागि यो नयाँ अभ्यास हुने छ ।' राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ आधारभूत तहअन्तर्गत कक्षा ४ र ५ को पाठ्यक्रम २०७८ मा स्वीकृत भएर कार्यान्वयनमा आएको छ । यो प्रारूप २०७९ मा संशोधन भएको छ । आधारभूत तहअन्तर्गत कक्षा ६, ७ र ८ को पाठ्यक्रम, २०७७ मा स्वीकृत भएर कार्यान्वयनमा आएको कामपाको शिक्षा तथा स्वास्थ्य समितिले जनाएको छ ।

पाठ्यक्रम विकास केन्द्रबाट कक्षा ४ देखि ८ सम्म तहगत र कक्षागत विषयगत विशिष्टीकरण तालिका विकास गरिएको छ । विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्यांकन मापदण्ड, २०८० जारी गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) (ज) मा आधारभूत शिक्षा तथा माध्यमिक शिक्षाअन्तर्गत स्थानीय तहको काम, कर्तव्य र अधिकारअन्तर्गत शिक्षण सिकाइ, शिक्षक तथा कर्मचारीको तालिम र क्षमता विकाससम्बन्धी काम पर्छन् ।

पृष्ठ १ बाट क्रमशः

## प्रत्यक्ष निर्वाचित...

स्थानीय तह गैरदलीय हुनुपर्ने अवधारणा पनि दोहोर्‍याएको छ ।

निर्वाचन प्रणालीमा व्यापक सुधार आवश्यक रहेको र पूर्ण धार्मिक स्वतन्त्रतासहित हिन्दू राष्ट्रको अवधारणालाई राप्रपाले चुनावी बहसमा ल्याएको छ । सुशासन र भ्रष्टाचारविरुद्ध राप्रपाले कडा सन्देश दिएको छ । संकल्पपत्रमा 'बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं' भन्ने नारासहित सुशासनलाई मुख्य प्राथमिकता दिएको छ ।

'बरु नष्ट हुन्छौं, भ्रष्ट हुँदैनौं । उच्चस्तरीय आयोग गठन गरी २०४६ सालपछि उच्च पदमा बसेका नेता तथा कर्मचारीको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत गर्ने व्यवस्था मिलाइने छ,' अध्यक्ष लिङ्देनले संकल्पपत्र सार्वजनिक गर्दै भने, 'भ्रष्टाचारसम्बन्धी सूचना दिनेलाई संरक्षण गर्ने कानुन ल्याउने प्रतिबद्धता गरिएको छ ।'

सार्वजनिक पदाधिकारीका लागि स्वार्थको द्वन्द्वसम्बन्धी कानुन लागू गर्ने, सम्पत्ति शुद्धीकरण ऐन परिमार्जन गर्ने र संवैधानिक नियुक्तिमा राजनीतिक हस्तक्षेप हटाउने योजना पनि अघि सारिएको छ । यसबाहेक न्यायपालिका र सुरक्षा क्षेत्रमा सुधारको एजेण्डा पनि राप्रपाको छ । न्यायपालिकामा देखिएका विकृति अन्त्य गर्न पुनर्संरचना र आवश्यक परे पुनर्नियुक्तिको व्यवस्था गर्ने उल्लेख छ । न्याय प्रणालीलाई निष्पक्ष र जनउत्तरदायी बनाउने लक्ष्य पार्टीले लिएको छ ।

राष्ट्रिय सुरक्षालाई प्राथमिकतामा राख्दै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई राजनीतिक हस्तक्षेपमुक्त र सुदृढ बनाउने प्रतिबद्धता गरिएको छ । परराष्ट्र नीतिबारे बोल्दै लिङ्देनले 'सबैसँग मित्रता स्वीकार्य, हस्तक्षेप अस्वीकार्य' भन्ने सिद्धान्त अवलम्बन गरिने बताए । 'नेपाल प्रथम, नेपाली प्रथम हाम्रो मार्गदर्शक सिद्धान्त हुने छ,' उनले भने ।

राप्रपाले आर्थिक क्षेत्रतर्फ कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, उद्योग विस्तार र ऊर्जा उत्पादन वृद्धिमार्फत अर्थतन्त्रलाई चलायमान बनाउने योजना प्रस्तुत गरेको छ । निजी क्षेत्रलाई प्रोत्साहन, लगानीमैत्री वातावरण निर्माण र स्वदेशमै रोजगारी सिर्जना गरी युवाको विदेश पलायन घटाउने लक्ष्य पार्टीले लिएको छ ।

शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा सुनिश्चित गर्ने, शिक्षा प्रणालीलाई सीपमूलक बनाउने तथा आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच विस्तार गर्ने प्रतिबद्धता गरिएको छ । गरिब, विपन्न र कमजोर वर्गका लागि सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी बनाउने योजना पनि संकल्पपत्रमा समेटिएको छ । पूर्वाधार विकासतर्फ सडक, सिँचाइ, जलविद्युत् र सहरी व्यवस्थापनलाई प्राथमिकता दिँदै दीर्घकालीन योजना कार्यान्वयन गर्ने उल्लेख छ । ऊर्जा निर्यातमार्फत राष्ट्रिय आम्दानी बढाउने लक्ष्य पनि राखिएको छ ।

विदेश नीतिमा सन्तुलित र स्वाभिमानी दृष्टिकोण अपनाउने, राष्ट्रिय हितलाई केन्द्रमा राखेर अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने तथा सीमा सुरक्षालाई सुदृढ बनाउने प्रतिबद्धता पनि गरिएको छ। आगामी निर्वाचनमा यी प्रतिबद्धतामार्फत राप्रपाले जनताको समर्थन जुटाउन चाहेको देखिएको छ ।

■■■

## झस्किएका ...

कृषि क्षेत्रलाई व्यावसायिक बनाउँदै किसानलाई प्रोत्साहन गर्ने, उद्योगधन्दाको विस्तारमार्फत उत्पादन र रोजगारी वृद्धि गर्ने एजेन्डा अघि सारिएको छ ।

स्थानीय तहका अस्पतालहरूको स्तरोन्नति गर्ने, प्रदेशस्तरीय सुविधासम्पन्न अस्पताल दमकमा निर्माण गर्ने तथा स्वास्थ्य सेवा सहज र सुलभ बनाउने प्रतिबद्धता पनि पर्चामा छ । स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउने उल्लेख गरिएको छ ।

ओलीले झापा-५ का सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने वातावरण निर्माण तथा शिक्षक दरबन्दी व्यवस्थापनमा ध्यान दिने भनिएको छ। त्यही भएर यही २१ फागुनमा हुने निर्वाचनमा सूर्य चिह्नमा मतदान गर्न अपिल गरिएको छ।

ओली आठौं पटक संसदीय निर्वाचनको मैदानमा छन् । यसअघि छ पटक विजयी भएर तीनपटक प्रधानमन्त्री भइसकेका छन्। एकपटक उनी तत्कालीन नेकपा माओवादीका उम्मेदवार विश्वदीप लिङ्देनसँग पराजित भए। यसपटक पनि उनलाई जितका लागि निकै चुनौतीपूर्ण मानिएको छ। यस्तोमा मतका लागि पर्चा जारी गर्नेदेखि ओली स्वयं मतदाताको घरघरमा पुगिरहेका छन् । प्रतिस्पर्धी बालेनलाई 'बतासे अण्डा'देखि 'ठुटे सिङ भएका' भनेर ओलीले हियाउने गरेका छन् ।

■■■

## युएईमा नेपाली...

उनीहरूले श्रमिकलाई नियमितरूपमा कम्तीमा छ महिनामा एकपटक स्वास्थ्य जाँच गराउन, पर्याप्त मात्रामा पानी पिउन, मदिरा सेवन त्याग्न, स्वास्थ्य बिमाबारेमा जानकारी लिन पनि सुझाव दिए । उनीहरूले राजदूतावासले स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई युएईमा तीव्रता दिन अति आवश्यक भएको बताए । मानसिक रोगबाट पीडितको उपचारका लागि नेपाल सरकारसँग समन्वय गरी नेपालबाट टेलिमेडिसिन सेवा प्रदान गर्न पनि सुझाव दिए ।

युएईमा आउने श्रमिकलाई नेपालमा नै स्तरीय स्वास्थ्य जाँचको व्यवस्था स्तरीय अस्पतालमा हुनुपर्ने र युएई आउनुअघि अभिमुखीकरण तालिममा स्वास्थ्य, बिमा र युएईको हावापानी, सडक सुरक्षा तथा दुर्घटनासम्बन्धी विस्तृत चेतनामूलक तालिम तथा प्रशिक्षण दिनुपर्ने कुरा बताए ।

त्यस अवसरमा युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले युएईमा रहेका नेपाली चिकित्सकहरूले आफ्नो क्षेत्रबाट चिकित्सा क्षेत्रमा तथा युएईमा कार्यरत नेपाली समुदायलाई पुर्‍याएको योगदानको प्रशंसा गर्दै प्राप्त अमूल्य सुझावलाई कार्यान्वयन गर्न राजदूतावास तत्पर रहेको बताए। साथै, आगामी दिनमा राजदूतावाससँगको समन्वयमा विभिन्न स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने विषयमा सबै इमिरेट्सहरूमा रहेका नेपाली चिकित्सकहरूको सक्रिय सहयोग र हातेमालोका लागि अनुरोध गरे ।

■■■

## असुरक्षित स्थानमा...

जसमा खोटाङको हलेसी तुवाचुङ नगरपालिका-५ दुर्छिम, जोरकाफलका ५० वर्षीय रत्न राई, खोटाङकै बराहपोखरी गाउँपालिका-१, सालघारीका २७ वर्षीय पूर्णबहादुर खपाङ्गी, २४ वर्षीय सुरेन्द्र खपाङ्गी र ३५ वर्षीय नरबहादुर खपाङ्गी रहेका छन् । बराहपोखरीकाहरू गत पुसमा रोजगारीको खोजीमा भारतको मेघालय पुगेका बुझिएको छ । सो घटनामा अन्य सात जना नेपाली घाइते भएका जनाइएको छ। उनीहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको समाचारमा उल्लेख छ ।

दूतावासले आफ्नो वक्तव्यमा मृत्यु भएका र घाइते भएका व्यक्तिको परिवारलाई उपचार, अन्य आवश्यक सेवाहरू, र क्षतिपूर्तिसम्बन्धी समन्वय गर्न परराष्ट्र मन्त्रालय, स्थानीय अधिकारीहरू र प्रहरी प्रशासनसँग निरन्तर सम्पर्कमा रहेको जनाएको छ । प्रभावित परिवारलाई सहयोग आवश्यक परेको अवस्थामा दूतावासको हेल्पलाइनमार्फत सम्पर्क गर्न अनुरोध गरिएको समाचारमा उल्लेख छ ।

सो समाचारका अनुसार विष्फोट भएको कोइलाखानी अवैधरूपमा सञ्चालन भइरहेको बताइएको छ । दूतावासले अनधिकृतरूपमा सञ्चालन भइरहेका खानीमा काम गर्दा जोखिम बढ्ने, उद्धार कार्यलाई जटिल हुने र दुर्घटना भएमा क्षतिपूर्ति तथा अन्य सुविधा पाउन कठिन हुनेसमेत चेतावनी दिएको छ ।

आप्रवासनविज्ञहरू हाल २० लाख नेपाली भारतमा रोजगारीमा रहेको बताउँदै आएका छन् । तर छिमेकी मुलुक भारतमा गरिने कामले वैदेशिक रोजगारीको मान्यता नपाउँदा उनीहरूको विवरण राज्यसँग छैन । खुला सीमा, पासपोर्ट, श्रम स्वीकृति तथा अन्य प्रक्रिया आवश्यक नपर्नेजस्ता कारणले विशेषगरी सुदूरपश्चिम तथा कर्णाली प्रदेशका नागरिक रोजगारीको खोजीमा भारत जाने गरेका छन् ।

भारतमा रोजगारीका लागि जाने नेपालीहरूले आफूले गर्ने, सेवासुविधा आदिबारे रोजगारदाता कम्पनीसँग सम्झौता गर्दैनन् । भारतसँग नेपाली कामदारको न्यूनतम तलब, सेवा सुविधालगायत विषयमा कुनै सम्झौता नहुँदा त्यहाँ समस्यामा परे निरीह भएर स्वदेश फर्कनुपर्ने अवस्था छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/११/०३ गते**

यस कम्पनीको मिति २०८२/१०/२८ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **आयत इन्टरेशनल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आयत ईन्टरनेशनल प्रा.लि. (प्रा.लि.नं. १९६७९६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, ०३ फागुन, २०८२

| | |
|---|---|
| मेष | रोकिएका काम बन्ने छन् । भगवान् सूर्यदेवलाई जल अर्पण गरी दिनको सुरुआत गरेमा शुभ फल मिल्ने छ । |
| वृष | खर्च बढ्ने योग रहेको छ । महादेवको ध्यान गरेमा पारिवारिक कलहबाट बच्न सकिन्छ । |
| मिथुन | आम्दानीको नयाँ स्रोत फेला पर्ने छ । हरियो वस्त्रको प्रयोगले शुभत्त्वमा वृद्धि हुने छ । |
| कर्कट | सामाजिक प्रतिष्ठा बढ्ने छ । सोमनाथको ध्यान गर्नाले चिन्ता हटेर जाने छन् । |
| सिंह | भाग्यले साथ दिने छ । पिता र पितृको स्मरण गरेमा बाधा हटेर जाने छ । |
| कन्या | स्वास्थ्यमा समस्या देखा पर्न सक्छ । अश्विनी कुमारको स्मरण गरेमा कष्ट दूर हुने छ । |
| तुला | दाम्पत्य जीवन सुखद रहने छ । स-साना बालबालिकालाई मिठाइ दिनु लाभप्रद हुने छ । |
| वृश्चिक | शत्रु परास्त हुने छन् । हनुमान चालिसाको पाठ गर्नाले सहासमा वृद्धि हुने छ । |
| धनु | बौद्धिक क्षमतामा वृद्धि हुने छ । केशर चन्दनको टीका लगाएमा लाभ मिल्ने छ । |
| मकर | आमाको स्वास्थ्यमा ध्यान पुर्‍याउनुहोला । अष्ट चिरञ्जीवीको नाम लिएमा कष्ट हटेर जाने छन् । |
| कुम्भ | पराक्रम बढेर जाने छ । चराचुरुंगीलाई चारो हाल्नाले विघ्न हटेर जाने छ । |
| मीन | धन सञ्चित हुने छ । कुलदेवताको स्मरण गरी अघि बढेमा कार्य सम्पन्न हुने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ फागुन, २०८२ (१५ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४४.८३ | १४५.४३ |
| युरो | १ को | १७२.५५ | १७३.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | १९८.४५ | १९९.२७ |
| स्विस फ्रैन्क | १ को | १८९.०९ | १८९.८७ |
| अस्ट्रेलियन डलर | १ को | १०३.१३ | १०३.५६ |
| क्यानाडियन डलर | १ को | १०७.१९ | १०७.६३ |
| सिङगापुर डलर | १ को | ११४.७८ | ११५.२६ |
| जापानी येन | १० को | ९.४४ | ९.४८ |
| चिनियाँ युआन | १ को | २०.९६ | २१.०५ |
| साउदी अरब रियाल | १ को | ३८.६२ | ३८.७८ |
| कतारी रियाल | १ को | ३९.६३ | ३९.७९ |
| थाई भाट | ख १ को | ४.६७ | ४.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.४३ | ३९.५९ |
| मलेसियन रिङेट | १ को | ३६.९९ | ३७.१५ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०३ |
| स्विडिस क्रोनर | १ को | १६.३५ | १६.४२ |
| डेनिस क्रोनर | १ को | २३.१० | २३.२० |
| हङकङ डलर | १ को | १८.५३ | १८.६० |
| कुवेती दिनार | १ को | ४७४.७७ | ४७६.७४ |
| बहराइन दिनार | १ को | ३८४.१४ | ३८५.७४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# महाशिवरात्रिको रौनक














१) र २) महाशिवरात्रि पर्वको पूर्वसन्ध्यामा शनिबार पशुपतिनाथ मन्दिर दर्शन गर्न आएका भक्तजन ।
३) महाशिवरात्रि पर्वको पूर्वसन्ध्यामा शनिबार पशुपतिनाथ मन्दिर एवं आसपासको क्षेत्र फूलमालाले सिँगारिँदै ।
४) महाशिवरात्रि पर्वका अवसरमा पशुपतिनाथ मन्दिरपरिसरमा भारतलगायतका विभिन्न ठाउँबाटमा आएका साधुसन्त ।
५) महाशिवरात्रि पर्वका लागि सजाइएको महोत्तरीको जलेश्वर नगरपालिका-१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवको मन्दिर ।
६) महाशिवरात्रि पर्वको अवसरमा भक्तपुरस्थित केदारनाथको शीर डोलेश्वर महादेव मन्दिर परिसरमा आएका साधुसन्तहरु ।

*तस्विरहरू: रासस*

## गरगहना लगाएर मन्दिर नजान प्रहरीको अनुरोध

**काठमाडौं (प्रस)**– काठमाडौं प्रहरीले महाशिवरात्रि पर्वका अवसरमा पशुपतिनाथको दर्शनार्थ सहभागी हुने भक्तजन तथा सामानको सुरक्षाका लागि १३ बुँदे अनुरोध जारी गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले गरगहना लगाएर नआउनेसहित विभिन्न १३ बुँदे अनुरोध जारी गरिएको जानकारी दिए ।

उनका अनुसार चोरी तथा लुटपाटका घटना हुनसक्ने भएकाले बहुमूल्य गरगहना नलगाउन, महत्त्वपूर्ण र महँगो सरसामान लिएर नआउन अनुरोध गरिएको हो । मन्दिरमा झोला नल्याउन, पशुपति क्षेत्रको मापदण्डबमोजिम प्लास्टिकका झोला, कप, प्लेटलगायत सामग्रीको प्रयोग निषेध गरिएकाले निषेधित सामानको प्रयोग नगर्न, दूध, गंगाजललगायत सामग्रीका लागि फुट्ने काँच (सिसा)का भाँडा प्रयोग नगर्न पनि अनुरोध गरिएको प्रहरी उपरीक्षक भट्टराईले बताए ।

प्रहरीले भक्तजनको सुविधाका लागि तोकिएको कक्षमा जुत्ताचप्पल (दर्शन मार्गअनुसार छुट्टाछुट्टै स्थानमा जुत्ताचप्पल कक्षको व्यवस्था) राखेरमात्र मन्दिर प्रवेश गर्न, पशुपतिनाथको दर्शन गरिसकेपछि छिटोभन्दा छिटो मन्दिर परिसर बाहिर निस्केर घुइँचो हुन नदिनका लागि आवश्यक सहयोग र समन्वय गर्न पनि अनुरोध गरेको छ ।

त्यस्तै पशुपतिनाथ मन्दिर प्रांगणमा सबै प्रकारका मोबाइल फोन, क्यामरालगायत सामग्रीको प्रयोग निषेध गरिएको तथा छालाका सामान, जुत्ताचप्पल, ज्याकेट, कम्मरपेटी लगाएर मन्दिरमा प्रवेश निषेध भएकाले त्यस्ता सामान तोकिएको सुरक्षित स्थानमा राखेरमात्र दर्शन गर्न पनि भनिएको छ ।

प्रहरीले पाकेटमारादेखि सावधान रहन र आफ्नो सामानको सुरक्षा आफैं गर्न, कुनै पनि तीर्थयात्री अस्वस्थ भएमा स्वास्थ्य शिविरमा सम्पर्क राख्न, कुनै सामान वा व्यक्ति हराएमा वा कुनै समस्या आइपरेमा तुरुन्त प्रहरी शिविर वा खोजखबर कक्षमा सम्पर्क राख्न पनि अनुरोध गरेको छ ।

मन्दिर र मेला क्षेत्रलाई स्वच्छ र सफा राख्न जथाभावी फोहोर नगर्न, निर्दिष्ट स्थानमा रहेका शौचालयको प्रयोग गर्न, शारीरिकरूपमा अशक्त, ज्येष्ठ नागरिकलाई सहज दर्शनका लागि सहयोग गर्न, मन्दिर दर्शनका लागि कुनै प्रकारको विशेष टिकट वा पासको व्यवस्था नगरिएकाले पंक्तिबद्ध भएर दर्शन गर्न तथा पंक्तिबाट दर्शन गर्दासमेत अरूको अधिकारको हनन हुने व्यवहार नगर्न अनुरोध गरिएको प्रहरी उपरीक्षक भट्टराईले जानकारी दिए ।

## महाशिवरात्रिः पशुपति क्षेत्रको ट्राफिक व्यवस्थापन योजना लागू

**काठमाडौं (प्रस)**– महाशिवरात्रि पर्वका अवसरमा आइतबार हुनसक्ने सम्भावित घुइँचो रोक्न काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले विशेष ट्राफिक योजना तयार पारी लागू गरेको छ । अनावश्यक घुइँचो हुँदाको अवस्थालाई मध्यनजर गर्दै सवारी आवागमन रुट तय गरी पार्किङको स्थान तोकेर प्रहरीले सुरक्षा योजना तयार पारी लागू गरेको हो ।

पशुपतिनाथ क्षेत्रमा हुने भीडभाडलाई सुरक्षित एवं व्यवस्थित गर्न कार्यालयले सुरक्षा योजना तयार पारी शनिबारदेखि लागू गरेको छ । उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले पशुपति क्षेत्रमा पूजाआजा गर्न आउने भक्तजन एवं दर्शनार्थीलाई सहजरूपमा आवतजावत तथा दर्शन गर्ने वातावरण मिलाउन ट्राफिक व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाएको बताए ।

उनका अनुसार निश्चित ठाउँमा पार्किङको व्यवस्थासहित रुट पनि तोकिएको छ । उनले सिफल चौरमा दर्शानार्थीको सवारी, पासवाहक सवारीसाधन, सुरक्षाकर्मीका सवारीसाधनलाई पार्किङको व्यवस्था मिलाइएको जानकारी दिए । गुह्येश्वरी पारि तीर्थयात्री, दर्शानार्थीका सवारीसाधन, पशुपति विकास कोषको कार्यालय/भण्डारखालमा पासवाहक सवारीसाधन, तिलगंगा आँखा अस्पताल र करिडोरमा तीर्थयात्री, दर्शानार्थी र पर्यटकका सवारीसाधनलाई पार्किङको व्यवस्था गरिएको उनले बताए ।

त्यस्तै वनकाली क्षेत्रमा शिविर सञ्चालन गर्ने संघसंस्था, दमकल, एम्बुलेन्स, खानेपानी र सुरक्षाकर्मीका सवारीसाधन, प्रहरी वृत्त गौशालामा पासवाहक सवारीसाधन र सरकारी सवारीसाधन राख्ने व्यवस्था मिलाइएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिए ।

विभिन्न नाका भई भित्रिने भक्तजनका सवारीसाधन छुट्टाछुट्टै स्थानमा पार्किङको प्रबन्ध मिलाइएको उनले बताए । उनका अनुसार अन्य जिल्लाबाट आउने भक्तजनको सुविधाका लागि निर्वाध आवतजावतको व्यवस्था मिलाउनाका साथै पार्किङ गर्ने ठाउँसमेत तोकिएको छ ।

दर्शनार्थीको घुइँचोका कारण गौशाला क्षेत्र भई चक्रपथ क्षेत्रमा सञ्चालन हुने सवारीसाधन नियमित चलाउन नसक्ने अवस्था आएमामात्रै गौशाला क्षेत्रमा सवारी आवागमन निषेध गरी वैकल्पिक मार्गको प्रयोग गरी सहज आवागमनको व्यवस्थापन गरिने काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । त्यसका लागि करिडोर सडक र भित्री सडकमा बाक्लो मात्रामा ट्राफिक प्रहरी खटाइएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता सुवेदीले उल्लेख गरे ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/११/०३**

**बिग फोर एडभाईजरी प्रा. लि.** को मिति २०८१/१०/२६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फिनट्याक्स नेपाल प्रा. लि. (दर्ता नं. ३२३०८१)** कायम गर्ने गरी मिति २०८१/१२/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/११/०३**

**उपत्यका ट्याक्सी सेवा प्रा. लि.** को मिति २०८२/१०/२७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **उपत्यका सार्वजनिक यातायात प्रा. लि. (दर्ता नं. ३२२८६१)** कायम गर्ने गरी मिति २०८२/१०/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### माइग्रेसन सर्टिफिकेट हरायो

२०८२/०९/२५ गते मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट ललितपुर - २५ .भैसेतपाटीबाट जाउलाखेल आउने क्रममा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नामः समिक्षा चौधरी**
**रजिष्ट्रेसन नं.: ७७५६१५१३६**
**ठेगानाः राप्ती–०५, दाङ**
**सम्पर्क नं.: ९८२२८६१०५९**

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**यस फर्म/कम्पनी Balajee NP Pvt. Ltd. ले पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**तपसिल**

| S.No. | Description of Goods | Brand | Model No. | Capacity | Country of Origin | Units | Per Unit Price | MRP |
|---|---|---|---|---|---|---|---|---|
| 1 | WASHING MACHINE | BALTRA | BLWM-80FL08 | 8 KG | CHINA | PCS | 68,575.00 | 68,575.00 |
| 2 | MICROWAVE OVEN | BALTRA | BMW 106 | 25 L | CHINA | PCS | 25,575.00 | 25,575.00 |

बिक्रेता फर्मको नामः Balajee NP Pvt. Ltd.
ठेगानाः सीतापाईला, नागार्जुन नगरपालिका, काठमाडौं, नेपाल
स्थायी लेखा नं.: ६००६६७७८०
फोन नं.: ९८०१२००५०१

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आचारसंहिताविपरीतको गतिविधि रोकौं

लोकतन्त्रको आधार मतदाताको स्वतन्त्र निर्णयमा टेकेर निर्माण हुन्छ। तर, आगामी निर्वाचन नजिकिँदै गर्दा मतदातालाई भ्रमित पार्ने र निर्वाचन आचारसंहिता उल्लंघन गर्ने गतिविधि बढ्दै गएको छ। राजनीतिक दल, उम्मेदवार, केही सामाजिक सञ्जालका कन्टेन्ट क्रियटर र कतिपय सञ्चारमाध्यमहरू यसमा सक्रिय देखिएका छन्। उनीहरूले भ्रामक सूचना प्रसारित गरेर मतदाताको सोच र निर्णय प्रक्रिया प्रत्यक्ष प्रभावित गरिरहेका छन्। यसले लोकतन्त्रको आधारभूत संरचना र निर्वाचनको निष्पक्षतालाई चुनौती दिइरहेको छ।

निर्वाचन आयोगले स्पष्ट रूपमा निर्देशन दिइसकेको छ कि सबै दल, उम्मेदवार, सञ्चारमाध्यम र अन्य सम्बन्धित पक्षले आचारसंहिता पालना गर्नुपर्छ। तर पछिल्ला अभ्यासहरूले देखाएको छ कि अनलाइन प्लेटफर्म र सामाजिक सञ्जालमा फैलिएको भ्रामक समाचार, फोटो-भिडियो म्यानिपुलेसन, मिम्स र अप्रमाणित प्रचारले मतदातामा पूर्वाग्रह सिर्जना गरेको छ। कतिपय दल र उम्मेदवारहरूले आफ्ना समर्थकमार्फत गलत तथ्य फैलाएर प्रतिद्वन्द्वीलाई कमजोर बनाउने प्रयास गरिरहेका छन्। यसले मतदाताको निर्णय स्वतन्त्र र विवेकपूर्ण हुन पाउँदैन।

विशेषगरी डिजिटल माध्यममा सक्रिय कन्टेन्ट क्रियटरहरूले छिटो क्लिक र बढी दर्शक संख्या कमाउने उद्देश्यले भ्रामक सूचना सेयर गर्दै आएका छन्। उनीहरूले सन्देशलाई सनसनीपूर्ण, भावनात्मक वा भ्रमपूर्ण बनाउँछन् ताकि पाठक वा दर्शक तुरुन्त ध्यानाकर्षित होस्। यस्ता गतिविधि व्यक्तिगत लाभका लागि नभई राजनीतिक रणनीति र चुनावी दबाब सिर्जनाको उपकरणको रूपमा पनि प्रयोग भइरहेको छ। यसले मतदातामा भ्रम सिर्जना गर्नेमात्र होइन, निर्वाचनको निष्पक्षता र पारदर्शिता नै चुनौतीपूर्ण बनाएको छ।

भनिन्छ, डिजिटल प्लेटफर्ममा फैलिने भ्रामक सूचनाले मतदाताको निर्णयमाथि प्रत्यक्ष प्रभाव पार्न सक्छ। यस प्रकारको व्यवहारले दल वा उम्मेदवारलाई लाभ दिन्छ जस्तो देखिए पनि वास्तवमा सम्पूर्ण निर्वाचन प्रक्रिया संकटमा पार्छ। मतदाताले सही, प्रमाणिक र सन्तुलित जानकारीमा आधारित निर्णय लिन पाउनु लोकतन्त्रको मूल अधिकार हो। भ्रामक सूचना, अप्रमाणित तथ्य र राजनीतिक पक्षपोषणले लोकतन्त्रको मूल्य र जनताको विश्वासमा धक्का पुऱ्याउँछ।

निर्वाचन आयोगका अनुसार व्यापारी, कर्मचारी र अन्य प्रभावशाली व्यक्तिहरू पनि आचारसंहिता उल्लंघनमा संलग्न हुने गरेको पाइएको छ। केही व्यापारीले वित्तीय सहयोग र उपहार वितरण (बालेनलाई गाडी)को माध्यमबाट निर्वाचन परिणाम प्रभावित गर्ने प्रयास गरेका छन्। सरकारी कर्मचारीहरूले पदको शक्ति प्रयोग गरेर उम्मेदवार वा दलको पक्षमा दबाब सिर्जना गर्दा प्रशासनिक निष्पक्षता कमजोर पर्छ। यी सबै गतिविधिले लोकतन्त्रको आधारभूत ढाँचालाई कमजोर बनाउँछ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन। खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ।

# सन्दर्भः महाशिवरात्रि र उपत्यकाका शिवस्थल



❑ पदम श्रेष्ठ

> विश्व सम्पदा सूचीमा सूचीकृत २६४ (५,५३४ रोपनी) हेक्टरको पशुपति क्षेत्रभित्र ४९२ मठमन्दिर बिहार, चैत्य रहेका पुरातत्व विभागको तथ्यांक छ। नौ ग्रह संयोजित गोपाल तथा किरातकालीन बस्ती सम्पदा हो, पशुपतिनाथ क्षेत्र। राजा वृषदेवकालीन सम्वत् १०७ महाराज जयवर्मन उल्लेखित ढुंगेमूर्ति प्राचीन शिलालेख मानिन्छ। १५०० वर्ष अगाडि राजा शिवदेव वर्माले नौ ढोका, नौ डबली, नौ अजिमा पीठ, नौ जातका नेवार, नौ चोक, नौ कुण्ड संयोजन गरी बसाइएको हुँदा नेपाल भाषामा ग्वल भनियो। राजा अंशुवर्माले देवपतनमा दरबार सारे भने ने.सं. ३७४ मा राजा जयदेव, ने.सं. ४४० मा राजा अरिदेव द्वितीय, ने.सं. ९६६ मा राजा जयप्रकाश मल्लले छोरा नरेन्द्रप्रकाश मल्ललाई यहीँ राजा घोषणा गरिएको खुल्दछ।

हजार शिवलिंगले घेरिएको पशुपतिनाथ क्षेत्र, हिन्दूस्थान भारतका चार अखडा काँशी, जगन्नाथ, केदार, रामेश्वरम र ८४ अड्डाको शिरधाम मानिन्छ। त्यसैले विश्वभरबाट विशेषगरी शिवरात्रीका दिन पशुपतिनाथलगायत काठमाडौं उपत्यकाका शैवस्थल पुजन भ्रमण र दर्शन गर्न ठूलो संख्यामा भक्तजन आउने गर्दछन्। शिवलाई नाथ, बैरागी, सन्यासी, उदासी, अघोरी, नागा, किरात आदि थुप्रै सम्प्रदायका रूपमा पाइन्छन्। शिवरात्रीका दिन राजधानी काठमाडौंमा यी र यस्ता थुप्रै सम्प्रदायहरूको ठूलो संख्यामा पशुपतिनाथको शरणमा भेला हुने गर्दछन्।

विश्व सम्पदा सूचीमा सूचीकृत २६४ (५,५३४ रोपनी) हेक्टरको पशुपति क्षेत्रभित्र ४९२ मठमन्दिर बिहार, चैत्य रहेका पुरातत्व विभागको तथ्यांक छ। नौ ग्रह संयोजित गोपाल तथा किरातकालीन बस्ती सम्पदा हो, पशुपतिनाथ क्षेत्र। राजा वृषदेवकालीन सम्वत् १०७ महाराज जयवर्मन उल्लेखित ढुंगेमूर्ति प्राचीन शिलालेख मानिन्छ। १५०० वर्ष अगाडि राजा शिवदेव वर्माले नौ ढोका, नौ डबली, नौ अजिमा पीठ, नौ जातका नेवार, नौ चोक, नौ कुण्ड संयोजन गरी बसाइएको हुँदा नेपाल भाषामा ग्वल भनियो। राजा अंशुवर्माले देवपतनमा दरबार सारे भने ने.सं. ३७४ मा राजा जयदेव, ने.सं. ४४० मा राजा अरिदेव द्वितीय, ने.सं. ९६६ मा राजा जयप्रकाश मल्लले छोरा नरेन्द्रप्रकाश मल्ललाई यहीँ राजा घोषणा गरिएको खुल्दछ। ने.सं.८३६ मा राजा भाष्कर मल्लको राज्यकालमा काठमाडौं लाय्कू कुमारीको मृत्यु हुँदा देवपतन कुमारीलाई बसन्तपुर गद्दीमा विराजमान गराइएको इतिहास पाइन्छ। त्यसैले पशुपतिनाथलाई मातृशक्तिको पनि संरक्षित क्षेत्र मानिएको छ।

यहाँ गुहचेश्वरी माताको मन्दिर पनि विराजमान गराइएको छ। त्यसैले पाशुपत भूमिलाई शिवरूपी आकाश र प्रकृतिस्वरूप गुहचेश्वरी अर्थात् प्रकृति र पुरुषको संगमस्थल पनि मानिएको छ। हिस्ट्री अफ नेपाल, क्याब्रिज युनिभर्सिटी पृष्ठ ११३ मा छ- किरात वंशको पतनपछि पाँचौं सोमवंशी राजा भाष्कर वर्माले हाल पशुपति त्रैलोक्यवंशरीबुद्ध विहारको छानामा सुन जलप लगाई सुवर्णपुरी नाम राखे। भाष्कर वर्मापछि राजा पशुप्रेक्ष्यदेवले विहारलाई पशुपतिनाथ नामाकरण गराए। प्रमाण मुखाष्टमीको दिन (कात्तिक शुक्लअष्टमी) नाथलाई बुद्ध मुकुटको छायाँ दर्शन गराइन्छ। बेलायती महारानी एलिजावेथ गाई खानेलाई मन्दिर प्रवेश रोक्न गेटमा 'हिन्दूमात्र प्रवेश'को बोर्ड लगाए। नत्र पशुपतिनाथ शैव, बौद्ध, जैन, सिखको साझा सम्पदास्थल पनि हो।

पशुपति देवपतनका नौ कवलमध्ये मृत्युञ्जय कवलका ११९ घर भत्काएर संस्कृतिका संवाहक नेवारहरूको विनाश गऱ्यो। फलस्वरूप यस्ता परम्परागत प्रमाण इतिहासहरू धुमिल बन्दै जान थालेको पाइन्छ। पशुपति क्षेत्रका सर्वाधिक प्राचीन इतिहास बोकेको सम्पदाको नाउँ लिनुपर्दा किरातेश्वर महादेवलाई लिने गरिन्छ। प्राचीन किरातेश्वर गौरीघाटनजिक डाँडामाथि छ।

## गोकर्ण, सुन्दरीजलः पितृ उद्धारको तीर्थस्थल

पशुपतिनाथ बौद्ध महाचैत्यस्थलदेखि पाँच किलोमिटर उत्तर खोँचमा छ, गोकर्ण। साउन सोमबार हुने वोलबम यात्राको गन्तव्यस्थल सुन्दरीजल मार्ग गोकर्ण महादेव, सूर्यमती, चन्द्रमती र बागमतीको संगम हो।

प्रत्येक वर्ष गुंलागा औंसी (भाद्र कृष्ण) बाबुको मुख हेर्ने दिन पिता नहुने छोराछोरी पितृ तर्पण, श्राद्ध, दान गर्न पुग्छन् यहाँ। बौद्धमार्गीका १२ तीर्थमध्ये गोकर्ण तीर्थ एक रहेको हिमवत् खण्डमा छ। 'प्राचीन पशुपति हेर्न गोकर्ण जानू' भन्ने उखान जोडिएको तीर्थमा पितृ श्राद्ध गरी शरीर शुद्धी गरिन्छ। लंकापति रावणद्वारा स्थापित मानिने गोकर्णेश्वर मन्दिरमा आख्यानानुसार, किराती भेषमा श्लेषमान्तक वनमा घुम्दा स्वर्गमा महादेव हराएको हल्ला फिजिए छ। एकसिंगे मृगको रूप धारण गरी गोकर्णको जंगलमा चरिरहेको मृगलाई चिनेर ब्रह्मा, विष्णु र इन्द्रले अधीनमा राख्न खोज्दा तीन टुक्रा भएछ, विष्णुले पातलमा, इन्द्रले स्वर्गमा र ब्रह्माले गोकर्णमा स्थापनापछि ब्रह्मेश्वर भनियो।



## सुन्दरीजल र महादेव

काठमाडौंलाई पानी दिने सुन्दरीजल पिकनिकस्थल पनि हो। बौद्ध, जोरपाटी र गोकर्णहुँदै १० किलोमिटरमा पुग्ने सुन्दरीजल बसपार्कबाट जंगबहादुर राणाद्वारा ने.सं. ९५९ ताका निर्मित फलामे पाइपसँगै डाँडामाथि बनाइएको पोखरी र सुन्दरीमाई पुगिन्छ। जहाँ देवीलाई बलि दिई पुजिन्छ। फेदीको खोँचमा महादेव र झरना छेउ छ। जहाँ राष्ट्रिय स्काउट तालिम केन्द्र, बायाँतर्फ ओर्लिए विद्युत् उत्पादन तथा खानेपानी संकलन पोखरीमा पुगिन्छ।

## विश्वकै विशाल साँगा शिव मूर्ति

१०८ फिट अग्लो बनेपा पुग्नु अगाडिको साँगा शिवको मूर्तिस्थल १०० रोपनी क्षेत्रमा फैलिएको बताइन्छ। जैन व्यक्तित्वद्धारा स्थापित साँगा महादेवस्थल प्रवेश गर्न २०० रूपैयाँ शुल्क लिने र लजलगायतका भव्य व्यवस्थापन रहेको कारण विशालकाय शिवस्थाललाई धार्मिकभन्दा मनोरञ्जनस्थलको रूपमा लिएको पाइन्छ।

## बनेपा चण्डेश्वरी ग्रन्थकुट महादेव

देवीलाई मातृशक्तिका रूपमा लिएजस्तै शिवलाई पितृशक्ति मानिएको पाइन्छ, बनेपाकी आराध्यदेवी चण्डेश्वरीमातास्थलमा। मन्दिर अगाडिको ग्रन्थकुट शिखर शैली मन्दिरले पुरूषत्वको प्रतिनिधित्व गर्दछ। १८औं शताब्दीमा निर्मित शिवलिंगलाई बनेपावासीको शुभ कार्यको थालनीमा प्रथम पूजा गरिन्छ। दुईतल्ले फल्चाले घेरिएको मन्दिरबाहिर लास जलाउने घाट, नदी र चन्दन वन छ। वनमा बूढानीलकण्ठको छ मिटर लम्बाइ र आठ मिटर चौडाइको ढुंगेमूर्ति छ।

## पनौती इन्द्रेश्वर महादेव र अन्य देवस्थल

अष्टमातृकाले घेरिएको पनौतीस्थित त्रिवेणीघाटलाई देवराज इन्द्रको पापमोचन भएको पवित्रस्थल मानिन्छ। किंवदन्तीअनुसार छलगरी देवराज इन्द्रले गौतमी ऋषिकी पत्नी अहिल्याको सतित्व हरण गरिदिएछन्। यसबाट क्रुद्ध गौतमी ऋषिले इन्द्रको जिउभरी योनी नै योनी होस् भनी श्राप दिए। श्रापबाट वीक्षिप्त इन्द्र जिउभरि योनी लिएर यसै त्रिवेणीमा स्नान गर्दा पापमुक्त भए भन्ने छ। गोपालराज वंशावलीमा बनेपाकी युवराज्ञी विरर्मादेवीले ने.सं.४१४ मा त्रिवेणीछेउ भूईंतल्ले इन्द्रेश्वरको मन्दिर निर्मित छ। ने.सं. ५२० को अभिलेख तीन तले इन्द्रेश्वरको उत्तर-पूर्वी कुनामा ऋषिको श्रापबाट शिलारूपी अहिल्या मूर्ति र पनौती संग्रहालय छन्।

## इचंगुको आदेश्वर महादेवस्थान

इचंगुबाट वनसहितको सानो डाँडामा अवस्थित आदेश्वर महादेवस्थान काठमाडौंबाट उत्तर-पश्चिममा अवस्थित छ। भूईंतल्ले मन्दिर, पाटी र पिकनिकस्थलले घेरिएको आदेश्वरस्थानमा ढुंगाको भऱ्याङ उक्लिएर पुग्न सकिन्छ। बौद्धहरूका अष्ट वैतराग लोकेश्वरमध्ये एक विक्रमेश्वर मन्दिरभित्र ध्रुवदेव, विष्णुगुप्तकालीन लिच्छवी संवत् ३९ र ६४ शिलालेख अस्पष्ट छ। भाद्र कृष्ण तृतीया, तीज, कृष्णाष्टमी र शिवरात्रिमा मेला लाग्दछ यहाँ। मणिकेश्वर, कीलेश्वर, कुम्भेश्वर, गोपालेश्वर, फणिकेश्वर, गन्धेश्वर र विक्रमेश्वरलाई नेवारहरू वोधिसत्वका रूपमा लिन्छन्

## भक्तपुर दरबार र यक्षेश्वर पशुपतिनाथ

बौद्ध प्रभावलाई न्यून गरी शैव मत विस्तारमा लागेका राजा यक्ष मल्ल दिनहुँ पशुपति दर्शनार्थ पुग्थे। वर्षात्ले राजा पशुपति पुग्न नसकी निदाएछन्, सपनीमा नाथले भनेछन्, 'अब दुःख सहेर धाइरहनुभन्दा दरबारमा नै पशुपति स्थापना गर्नू। आज्ञा मुताविक ने.सं. ५६० मा झिंगटी छाने दुईतल्ले प्यागोडाशैलीको यक्षश्वर मन्दिर बनाइयो। मन्दिर अगाडि शिखर शैलीको गुहचेश्वरी छ।

## मुलुककै सबैभन्दा ठूलो शिवलिंग- हनुमानघाट

किंवदन्तीअनुसार तव्याखुसी र चंखु खुसीको संगममा घाटमा बुद्ध, गणेश र नेपालकै विशाल दुई शिवलिंग छन्। दुईमध्ये एउटा राजा भूपतिन्द्र मल्लले ने.सं. ८३८ र अर्को रावल डम्बरलिङ जंगमद्धारा स्थापित मानिन्छ।

## महेन्द्रेश्वर महादेव र मूल चोक

देशका सबैले खाएपछिमात्र खाने राजा महेन्द्र मल्लले पिता अमर मल्लको देहान्तपछि बाजे रत्न मल्लको कीर्ति तलेजुलाई ने.सं. ६८३ मा ८१ हात अग्लो तीनतल्ले बनाए। दरबारमा मूलचोक र ने.सं.६८२ मा दुईतल्ले पेगोडाशैलीको महेन्द्रेश्वर स्थापना गराए। दिनहुँ पशुपति जाने राजा एकदिन बाढी तर्न नसकी नदीकिनारमा निदाए छन्। सपनामा नाथको आदेशअनुरूप महेन्द्रेश्वर स्थापित भएको बताइन्छ, जुन हनुमानढोका दरबार क्षेत्रमा स्थापित छ।

## सूर्यविनायक लुंचु महादेव सुवर्णेश्वरी

कथनअनुसार, सत्ययुगमा वासुकी डाँडामाथि शिलारूपी महादेवलाई तामाको पैसा चढाएपछि पुजारीले सुनको दाम पाउने गर्थ्यो रे। कुरा एक कान दुई कान मैदान हुँदै जान थालेपछि पाप मन लिएर पैसा चढाउन जाने र पुजारीलाई डर देखाएर धम्क्याइ सुनको पैसा आफैं लान थालेपछि सुनको पैसा दिन छाडे छन्। तर, नाउँ भने लुंचु अर्थात् सुनको धूलो नै रहचो।' सूर्यविनायक र गुण्डुबीच २०० रोपनीमा फैलिएको दुई वासुकीडाँडा नै लुंचु महादेव हो। सुवर्णेश्वरी लुँचुँ थानको वासुकी डाँडामध्ये गणेशमान सिंह पार्क र दोस्रो डाँडो १०० वटा भऱ्याङ चढेर उक्लिएपछि घण्टाकार शैलीको मन्दिरभित्र पाँच फिट अग्लो ढुंगेमूर्ति छ।

## लाजिम्पाट दयाश्वर महादेवस्थल

दुष्ट आत्मा विचरण गरी हिँड्ने ठाउँ लछिपट नै नेपाल भाषामा अपभ्रंस भई लाजिम्पाट भन्न थालिएको हो। यही दुष्ट आत्मालाई दबाउन स्थापित शिवस्थल हो, दयाश्वर महादेव। आधा रोपनीको क्षत्रफलभित्र चर्चिएको देवस्थल लिच्छविकालीन भएता पनि मल्लकालमा संरक्षित मानिन्छ। मन्दिरभित्र भजनगृह, यज्ञस्थल, सप्तर्षी, बुद्धका मूर्ति रहेका छन् भने शिवरात्रि, तीज, साउने सोमबार मेला लाग्दछ।

## टंकेश्वर महादेव

टंकेश्वर महादेव ने.सं. ८१६ मा राजा भूपतिन्द्र मल्लको राज्यकालमा निर्मित मानिन्छ। ढुंगे लिंगो पुजिने टंकेश्वरको नाम किरातकालीन टंकुबाट बनेको हो। भाष्कर मल्ल ने.सं. ८२९/८३० र जगतजय मल्ल ने.सं. ८५२ का अभिलेखसहितको मन्दिर चुनले पोतेको पिरामिड शैलीको छ। भजनगृह, काजक्रिया र पुजारी पाटीसहित विष्णुमती नदी किनारमा ठडिएको मन्दिरमा शिवरात्री र छठको विशेष पूजा हुने गर्दछ।

## काठमाडौं जोशीदेगल न्हुघः विहार

ढुंगाको तीनवटा गाग्रो प्रतिष्ठापित ठाउँको नाउँ हो न्हुँघः। मैत्रेय बुद्धप्रति समर्पित न्हुँघःबहाल लिच्छविकालीन मानिन्छ। न्हुँघः अगाडि तीन तल्ले प्यागोडा शैलीको जोशीदेगल महादेव मन्दिर ठडिएको छ। ने.सं. ८०८ मा भक्तपुरका राजा भूपतिन्द्र मल्लका शक्तिशाली मन्त्री लक्ष्मीनारायण जोशीले निर्माण गराएको जोशीदेगलकै कारण न्हुँघः विहार लुप्त अवस्थामा छ।

## त्रिपुरेश्वर महादेव

राजा रणबहादुर शाहकी रानी त्रिपुरासुन्दरीद्धारा निर्मित त्रिपुरेश्वर मन्दिर तीनतल्ले आकृतिमा ठडिएको छ। १३ रोपनीमा दक्षिणतर्फ कछुवाको ढाडमाथि ढुंगेस्तम्भ छ। कलात्मक फूल र त्यसमाथि स्वर्ण जलपयुक्त त्रिपुरासुन्दरीको सात टाउके नागले ओडाएको प्रतिमा खडा छ।

## ऋषेश्वर महादेव

किंवदन्तीअनुसार आत्रेय, भारद्वाज, विश्वमित्र, जमदग्नी, वशिष्ट, गौतमी र पतिब्रत सप्तर्षीहरू भाद्र शुक्ल पञ्चमीको दिन महिलाहरू तीजको ब्रत बसी पञ्चमीका दिन टेकु ऋषेश्वरसमा समापन पूजा गर्न जाने गर्दछन्।

## बमबिकटेश्वर र हनुमानघाट

ने.सं. ९८२ मा जंगबहादुरका भाइ बमबहादुरले २० रोपनीभित्र बागमती किनारमा स्थापित बमवीर विकटेश्वर भनिन्छ। जहाँ स्व. जनार्दनविक्रम राणाको सपनाअनुसार उनकै वंशज राजविक्रम राणाले राणा संग्रहालय बनाउन थालेका छन्।

## कीर्तिपुर क्वाथ उमामहेश्वर र लाय्कू

कीर्तिपुरको अग्लो मन्दिर ने.सं. ७७४ मा निर्मित मानिन्छ। देश रक्षार्थ स्थापित किल्ला, क्वाथमा मन्दिर झिंगटीछाने काठ र माटोबाट तीनतल्ले प्यागोडा शैलीमा बनी ठडिएको छ। उपत्यकाको दृश्यावलोकन र शीतल हावा खान पुग्नसकिने देवस्थलमा तीन खण्डको भुवनमाथि माउते चढेको र त्यसमाथि दोस्रो खुड्किलोमा ढुंगाकै भैरव-भैरवी मूर्ति उभ्याउनुले भक्तपुरे कला सिर्जनाको स्मरण गराउँछ। मन्दिरभित्र उमामहेश्वर र पछाडि भगवतीको मूर्ति स्थापित हुनुले यो मन्दिर शाक्त र शैवको संयुक्त तीर्थस्थल हो।

## गोपालेश्वर महादेव

दसैं अगाडि आश्विन कृष्ण नवमीका दिन फर्पिङको हरिशंकर जात्रामा प्रमुखताका साथ पुजिने गोपालेश्वर, नेपालका प्रथम शासक गोपाली वंशजको इष्टदेवता मानिन्छ। देशको शक्ति दक्षिणकाली माहेश्वरी, कुमारी, नीलवाराही, इन्द्रायणी, नारायणी र महालक्ष्मीमध्ये दक्षिणकाली खटलाई मुख्य मानिन्छ तर जात्राको प्रारम्भ र अन्त्य गोपालेश्वरबाटै हुने परम्परा छ। भनिन्छ, गोपालेश्वरको वनभित्र वाणासुरको दरबार र इनारसहित थिए।

## लेले सरस्वती कुण्ड र चम्पकेश्वर महादेव

चार माइलमा फैलिएको लेले र टीकाभैरव उपत्यकाको बजारमा नेवार, टार क्षेत्रमा क्षेत्री ब्राह्मण, अलि डाँडामाथि पहरी र तामाङ जातिको बसोबास पाइन्छन्। लेले चम्पकेश्वर महादेवस्थल सरस्वती कूण्ड, ज्ञानकूण्डसहित दुई नदीको संगममा पिकनिकस्थल रहेको छ। श्रीपञ्चमी र चैत पूर्णिमाका दिन यहाँ मेला लाग्दछ। भनिन्छ, यहाँ १२ वर्षमा घनघोर वर्षा भई बाढीपहिरो आउने गर्दछ। लेलेमा लिच्छवी सम्वत् ५२६ मानदेवकालीन र ने.सं. ५८९ शिलालेख रहेको छ।

## सन्तानेश्वर महादेव र जाकिद्यों वजिद्यों

सन्तानेश्वरसँगैका दुई थुम्काथुम्की 'जाकिद्यों, वजिद्यों दुई डाँडामा प्राचीनकालमा भोज गर्ने सामान पठाउँथिन् रे धर्ती माताले। लखँ देय् (पानीमाथि)को बस्तीका बासिन्दामा पाप कर्म बढ्दै जाँदा भोजमा लगेको सामान नफर्काएपछि सामान दिन छाडे छ रे। हाल डाँडाछेउ महादेवस्थलमा सन्तान नहुनेका लागि भाकल गर्ने दुईतल्ले मन्दिर छ।

# मतदाता शिक्षा प्रभावकारी बनाउन 'नमूना मतदान' अभ्यास



**खोटाङ–** जिल्ला निर्वाचन कार्यालय खोटाङले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदाता शिक्षा प्रभावकारी बनाउन 'नमूना मतदान' अभ्यास कार्यक्रम सुरु गरेको छ । मतदातालाई मतदान गर्ने सही तरिका सिकाउन, मतपत्र बदर हुन नदिन र मतदान गर्ने समय निर्धारण गर्न निर्वाचन कार्यालयले नमूना मतदान अभ्यास कार्यक्रम सुरु गरेको हो ।

निर्वाचन आयोगको नमूना मतदान अभ्यास कार्यक्रम जिल्लाका १० वटै स्थानीय तहमा सञ्चालन गरिने जिल्ला निर्वाचन कार्यालय प्रमुख रविन मगरले जानकारी दिए । 'यो कार्यक्रमले मतदान केन्द्रले ओगट्ने स्थानको जानकारी हुनुका साथै कर्मचारी व्यस्थापनमा सहजता हुने विश्वास गरिएको छ । कार्यक्रम जिल्लाका १० वटै स्थानीय तहमा सञ्चालन हुन्छन्,' उनले भने, 'नमूना मतदान अभ्यास कार्यक्रममा निर्वाचन प्रहरीको भूमिकाका विषयमा पनि जानकारी गराइन्छ । यसले आगामी निर्वाचन सफल बनाउन ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको छ ।'

दिक्तेलस्थित स्थानीय हेलिप्याडमा आयोजना गरिएको नमूना मतदान अभ्यास कार्यक्रममा सहभागीलाई महिला/पुरुष छुट्टाछुट्टै लाइनमा राखेर मतदानको व्यवस्था गरिएको थियो । जिल्ला निर्वाचन कार्यालयले आयोजना गरेको उक्त अभ्यास कार्यक्रममा ३५ महिला र २७ जना पुरुषको सहभागिता छ ।

प्रतिनिधिसभातर्फ एउटामात्रै निर्वाचन क्षेत्र रहेको जिल्लामा आगामी निर्वाचनका लागि १३६ मतदानस्थल निर्धारण गरिएको छ । तीमध्ये २१ अतिसंवेदनशील, ६४ संवेदनशील र ५१ वटालाई सामान्यमा राखेर सुरक्षा व्यवस्था मिलाइएको जिल्ला सुरक्षा समितिले जनाएको छ ।

मतदातालाई सुरक्षित र भयरहित वातावरणमा मतदान गर्ने वातावरण मिलाउन मतदानस्थललाई तीन भागमा वर्गीकरण गरेर सुरक्षा व्यवस्था मिलाइएको सहायक प्रमुख जिल्ला अधिकारी कोपिला राईले जानकारी दिइन् । आगामी निर्वाचनका लागि निर्धारण गरिएका १३६ मतदानस्थलमा १९५ वटा मतदान केन्द्र रहने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

आगामी निर्वाचनमा एक लाख ४७ हजार १२० जना मतदाता मतदानका लागि योग्य रहेका छन् । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा आगामी निर्वाचनका लागि दुई स्वतन्त्रसहित १५ जना नेताले उम्मेदवारी दर्ता गराएका छन् ।

आगामी निर्वाचनलाई लक्षित गर्दै जिल्लामा निर्वाचन आचारसंहिता उल्लंघन भए/नभएको अनुगमन तथा कारबाही गर्नका लागि दुई जना अनुगमन अधिकृतसमेत तोकिएको छ । उम्मेदवार तथा राजनीतिक दलले निर्वाचन आचारसंहिता पालना गरे/नगरेको अनुगमन तथा कारबाही गर्नका लागि सहायक प्रमुख जिल्ला अधिकारी राई र कोष नियन्त्रक रोमा पाण्डेलाई अनुगमन अधिकृत तोकिएको हो ।

अनुगमन अधिकृतले जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिह्न वा झण्डा अंकित लोगो वा स्टिकर वा क्याप, टिसर्ट, ज्याकेटलगायत लगाए/नलगाएको, निर्वाचन आचारसंहितामा व्यवस्था भएअनुसार पोस्टर, भित्तेलेखन, तुल, डिजिटल डिस्प्लेको प्रयोग भए/नभएको विषय अनुगमन गर्ने छन् ।

निर्वाचन आचारसंहिताअनुसार सवारीसाधनको प्रयोग भए/नभएको, घोषणापत्र सार्वजनिक गरे/नगरेको, निर्वाचन प्रचारप्रसारका लागि सरकारी, सार्वजनिक निकाय, गैरसरकारी संस्थाबाट कुनै प्रकारको आर्थिक सहयोग लिए/नलिएको, निर्वाचन खर्चका लागि बैंक तथा वित्तीय संस्थामा छुट्टै खाता खोल्ने तथा खर्च गर्ने पदाधिकारी तोकी खर्च गर्ने व्यवस्था गरे/नगरेकोलगायतका विषयमा अनुगमन गर्ने जनाइएको छ ।

आगामी निर्वाचनका लागि नेपाली कांग्रेसबाट वीरकाजी राई, नेकपा एमालेबाट देवविक्रम राई, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट डा. हरि रोका, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट रुद्र गिरी, जनता समाजवादी पार्टी (जसपा)बाट राकेश राई, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट दीपक तामाङ, जनता समाजवादीबाट सुनिल चाम्लिङ, श्रम संस्कृति पार्टीबाट आरेन राई, नेकपा माओवादीबाट चन्द्र बुढाथोकी, नेपाल मजदुर किसान पार्टीबाट ध्यानप्रसाद ढकाल, राष्ट्रिय परिवर्तन पार्टीबाट मिरेश राई, मंगोल नेसनल अर्गनाइजेसन पार्टीबाट प्रयाग राई र मितेरी पार्टी नेपालबाट केशरमान चाम्लिङले उम्मेदवारी दर्ता गराउनुभएको छ । त्यस्तै, डा. राजकुमार राई र तीलकचन्द्र राईले स्वतन्त्र उम्मेदवारी दर्ता गराएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । *रासस*




**सिद्धबाबामा भक्तजन** | पाल्पाको तिनाउ गाउँपालिका–३, दोभानस्थित सिद्धबाबा मन्दिरमा महाशिवरात्रिको पूर्वसन्ध्या शनिबार बिहानैदेखि पूजाअर्चना गर्न आएका श्रद्धालु भक्तजनहरूको घुइँचो । *तस्बिरः रासस*

# मकवानपुरमा निर्वाचन तयारी तीव्र, पुराना मतपेटिका मर्मतदेखि सुरक्षा व्यवस्थासम्म

■ **अञ्जली थापा**



**हेटौंडा (मकवानपुर)–** मकवानपुरमा फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्ष्य गर्दै तयारी तीव्र पारिएको छ । प्रदेश निर्वाचन कार्यालय हेटौंडाले विगतका निर्वाचनमा प्रयोग भएका मतपेटिकालाई पुनः प्रयोगमा ल्याउने प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिए । उनका अनुसार मतपेटिका सफाइ, मर्मत तथा प्राविधिक परीक्षणको कार्यलाई अन्तिम चरणमा पुऱ्याइएको छ ।

प्रदेश निर्वाचन कार्यालय परिसरमा कर्मचारीहरू पुराना मतपेटिका धुने, सुकाउने, आवश्यक भाग मर्मत गर्ने तथा ताला-सिल परीक्षण गर्ने कार्यमा व्यस्त भएको निर्वाचन अधिकारी ढकालले बताए । ढकालका अनुसार स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै खर्च व्यवस्थापनलाई ध्यानमा राखी पुनः प्रयोगयोग्य सामग्रीलाई प्राथमिकता दिइएको हो । 'सरकारी स्रोतको मितव्ययी उपयोग हाम्रो दायित्व हो,' उनले भने, 'प्राविधिकरूपमा उपयुक्त रहेका मतपेटिका पुनः प्रयोग गर्दा लागत घट्नेमात्र होइन, वातावरणीय हिसाबले पनि सकारात्मक सन्देश जान्छ ।'

## ५२ प्रकारका सामग्रीको व्यवस्थापन

निर्वाचन कार्यालयका अनुसार एक मतदान केन्द्रमा कम्तीमा ५२ प्रकारका सामग्री आवश्यक पर्छन् । ती सामग्रीलाई केन्द्रअनुसार छुट्टाछुट्टै प्याकेजिङ गरी सूचीबद्धरूपमा तयार पारिँदै छ । प्रत्यक्षतर्फ ४३ लिटर र समानुपातिकतर्फ ८५ लिटर क्षमताका दुई मतपेटिका प्रत्येक मतदान केन्द्रमा पठाइने छन् भने एक जगेडासहित तीनवटा मतपेटिका व्यवस्था गरिएको छ ।

यसका अतिरिक्त मतपत्र, मतदाता नामावली, छाप, स्टाम्प प्याड, रजिस्टर, फाराम, गोपनीयता पर्दा, सुरक्षा सिल, ट्याग, मसी, स्टिकर, मतदानकक्ष संकेत बोर्ड, निर्देशन पुस्तिकालगायत सामग्री क्रमशः तयारी अवस्थामा रहेको कार्यालयले जनाएको छ । मतदानको दिन कुनै सामग्री अभाव नहोस् भन्ने उद्देश्यले प्रत्येक केन्द्रका लागि आवश्यक सामग्रीको पुनः जाँच (क्रसचेक) गरिने व्यवस्था मिलाइएको छ ।

## आचारसंहिता कार्यान्वयनमा कडाइ

निर्वाचन आचारसंहिता पूर्णरूपमा कार्यान्वयन भइरहेको र हालसम्म कुनै गम्भीर उजुरी नआएको प्रदेश निर्वाचन अधिकारी ढकालले जानकारी दिए । निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दल तथा उम्मेदवारहरूको प्रचारप्रसार, सार्वजनिक सभा-जुलुस, सामाजिक सञ्जाल प्रयोग, खर्च विवरण तथा अन्य गतिविधिमाथि विशेष निगरानी राखिएको उनले बताए ।

'आचारसंहिता उल्लंघनसम्बन्धी सूचना प्राप्त भएमा तत्काल छानबिन गरी आवश्यक निर्देशन वा कारबाही गर्ने संयन्त्र सक्रिय अवस्थामा छ,' ढकालले भने, 'निष्पक्ष, स्वच्छ र मर्यादित निर्वाचन सम्पन्न गराउन आयोग पूर्ण प्रतिबद्ध छ ।' प्रदेश निर्वाचन कार्यालयले जिल्लाका सबै स्थानीय तह, निर्वाचन फोकल पर्सन, प्रशासन तथा सुरक्षा निकायसँग दैनिक समन्वय बैठक गर्दै अनुगमनकार्य अघि बढाइरहेको जनाएको छ ।

## तीन हजारभन्दा बढी कर्मचारी परिचालन

मकवानपुरका १७६ मतदानस्थलअन्तर्गत ३७४ मतदान केन्द्रमा स्वयंसेवकसहित तीन हजार ३६६ कर्मचारी परिचालन गरिने भएका छन् । निर्वाचन अवधिभर दुई हजार २४४ कर्मचारी र एक हजार १२२ जना स्वयंसेवक खटिने प्रदेश निर्वाचन अधिकारी ढकालले जानकारी दिए ।

प्रत्येक मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृतसहित आयोगबाट छ जना कर्मचारी खटाइने छन् । मतदानस्थलमा तीन जना स्वयंसेवक परिचालन गरिने व्यवस्था गरिएको छ । जनशक्ति व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगेको र खटाइने कर्मचारीलाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ ।

## चार हजारभन्दा बढी सुरक्षाकर्मी

निर्वाचन शान्तिपूर्ण, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन करिब चार हजार २०० सुरक्षाकर्मी परिचालन गर्ने तयारी गरिएको छ । प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीका अनुसार नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी (जनपथ) तथा करिब दुई हजार २०० निर्वाचन प्रहरी परिचालन गरिने छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले जनपथ प्रहरीको एकिन संख्या केही दिनमै टुंगो लाग्ने जानकारी दिए । सुरक्षा निकायले संवेदनशील क्षेत्रमा विशेष निगरानी, नियमित गस्ती तथा प्रचारप्रसार गतिविधिको अनुगमन गर्ने जनाएको छ ।

## मतदानस्थलको वर्गीकरण

जिल्लामा कूल १६७ मतदानस्थलमध्ये १९ अतिसंवेदनशील, ६० संवेदनशील र ८८ सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ । अतिसंवेदनशील सूचीमा २६ मतदान केन्द्र परेका छन् । बकैया गाउँपालिकामा पाँच मतदानस्थल अतिसंवेदनशील रहेका छन् भने राक्सिराङ, बागमती, भीमफेदी, मनहरी र कैलाश गाउँपालिकाका केही स्थल पनि सो सूचीमा समावेश छन् ।

संयुक्त अनुगमन टोलीले मतदानस्थलको भौतिक अवस्था, पहुँचमार्ग, सञ्चार सम्पर्क, मतदानकक्ष व्यवस्थापन तथा सुरक्षा संवेदनशीलताको मूल्यांकन गरिसकेको छ । भीमफेदीको एक मतदानस्थलमा सडक पहुँच नभएकाले पैदलमार्ग प्रयोग गर्नुपर्ने अवस्था रहेको प्रमुख जिल्ला अधिकारीले बताए ।

## तीन लाखभन्दा बढी मतदाता

दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा कूल तीन लाख १५ हजार ३३४ मतदाता रहेका छन् । मतदाता शिक्षालाई प्रभावकारी बनाउन स्थानीय तह र सरोकारवाला निकायमार्फत सचेतना कार्यक्रम सञ्चालन भइरहेका छन् । निर्वाचन अधिकारी ढकालले मतदातालाई निर्धक्क र उत्साहपूर्वक मतदान प्रक्रियामा सहभागी हुन आग्रह गरेका छन् । 'लोकतन्त्रको सुदृढीकरणका लागि मतदाताको सक्रिय सहभागिता अनिवार्य छ, सबै सरोकारवाला पक्षको सहकार्यले मात्र निर्वाचन सफल हुन्छ,' उनले भने ।

आयोगले स्वच्छ, निष्पक्ष र विश्वसनीय वातावरणमा निर्वाचन सम्पन्न गराउन सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । निर्वाचन मिति नजिकिँदै जाँदा मकवानपुरमा प्रशासनिक, प्राविधिक तथा सुरक्षा तयारी तीव्रगतिमा अघि बढिरहेको छ । *रासस*

# मतदाताका प्राथमिकतामा सडक निर्माण र वन्यजन्तु नियन्त्रण

**ढोरपाटन (बागलुङ)–** सालझण्डी-ढोरपाटन सडक स्तरोन्नति नभएको लामो समय भयो । स्तरोन्नति नहुँदा यहाँका स्थानीयले लामो समयदेखि सास्ती बेहोर्दै आएका छन् ।

यसका लागि यहाँका स्थानीयको अर्को समस्या हो, वन्यजन्तु । बँदेल र बाँदरलगायतका वन्यजन्तुका कारण स्थानीय हैरान छन् । जंगलबाट आएर बालीनाली नष्ट गरिदिने भएकाले उनीहरू यो समस्या चाँडो समाधान होस् भन्ने चाहेका छन् । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मत माग्दै घरदैलो पुग्दै गरेका उम्मेदवारसँग बागलुङ-२ का मतदाताले यिनै समस्या सुनाउने गरेका छन् ।

ढोरपाटन नगरपालिका-९ की थुमकला विकले बुर्तिबाङ बजारदेखि ढोरपाटन उपत्यका जोड्ने सडक एक दशक अगाडि निर्माण भए पनि अहिलेसम्म स्तरोन्नति नहुँदा समस्या भोग्नु परेको बताइन् । उनले भनिन्, 'गाउँमा सडक बनेपछि सुविधा होला भन्ने सोचेका थियौं । तर सुविधाभन्दा बढी सास्ती भएको छ । चुनाव आउँदा यो सडक हामी बनाउँछौं भोट दिनु भन्दै आउँछन् । भोट दिएर जितेपछि कोही पनि गाउँ फर्किएर आउँदैनन् । यो सडकले हामीलाई कति दुःख दिएको छ । यसको समाधान गर्न सक्ने नेतालाई यसपालिको चुनावमा भोट दिन्छौं ।'



स्थानीय तुलबहादुर घर्ती मगरले घरै नजिकको जंगलबाट दैनिक बाँदर, चितुवा र बँदेल आएर बालीनालीको क्षति गरि दिने र मान्छेलाई आक्रमण गर्ने गरेको गुनासो गरे । वन्यजन्तुबाट समस्यामा पर्दै आएका स्थानीयको समस्या बुझ्ने उम्मेदवारलाई गाउँका स्थानीयले एकै ठाउँमा भोट दिने सल्लाह गरेको सुनाए ।

'बिहान-बेलुका बाँदर, बँदले धपाउँदैमा दिन जान्छ । बारीमा लगाएको तरकारी, बालीनाली केही बाँकी राख्दैन । आइमाइ केटाकेटी एक्लै वरपर गर्न पनि गाह्रो हुन्छ,' उनले भने, 'चुनावका बेला हामीलाई भोट दिनु समस्या समाधान गर्छौं भन्ने धेरै नेता आए । तर चुनाव जितेर कहाँ गए गए ?'

निसीखोला गाउँपालिका-५ कुँडेका गंगाबहादुर विकले सडक व्यवस्थित नहुँदा यात्रा र सामान ढुवानी गर्न निकै कठिन हुने बताए । अप्ठ्यारो र साँघुरो सडकका कारण बजारबाट दैनिक उपभोग्य सामान ढुवानी गर्दा महँगो भाडा तिर्न बाध्य भएको उनको भनाइ छ । यसपालि बुर्तिबाङ-ढोरपाटन र ढोरपाटन-निसेलढोर सडक स्तरोन्नतिका लागि पहल गर्ने उम्मेदवारलाई भोट दिने उनले सुनाए । *रासस*

प्रभाव दैनिक

रूपशाला

### 'उड्यो बादल' सार्वजनिक

'भ्यालेन्टाइन डे'लाई लक्षित गर्दै युवावस्थाको प्रेम, भावना र हृदयस्पर्शी गीत 'उड्यो बादल' सार्वजनिक भएको छ। स्वदेश फाउन्डेसन नेपालको प्रस्तुतिमा सञ्चारकर्मी किशोर कुमार सेढाईको स्वरमा तयार भएको यस गीतको काठमाडौँमा शनिबार आयोजना भएको एक कार्यक्रम बिच सार्वजनिक भएको हो। नयाँपुस्ताका दर्शक तथा श्रोताको रूचिलाई केन्द्रित रहेको उक्त गीतको शब्द केवली सेढाईले कोरेका हुन्। सो गीतको भिडियोलाई राज कुमार दर्जीले निर्देशन गरेका हुन। भिडियोमा दर्जी सँगै सुस्मिता कार्की,किशोर सेढाई,शिवहरि खनाल, ईस्वरा पाण्डेको अभिनय रहेको छ।



आइतबार, ०३ फागुन २०८२ (Sunday, 15 February 2026)

# प्रदर्शनमा 'श्री बुकुरो'



■ प्रभाव संवाददाता

**काठमाडौं–** पारिवारीक कथामा तयार भएको चलचित्र 'श्री बुकुरो' शुक्रबारदेखि प्रदर्शन गरिएको छ। निर्देशक सुदीप भुपाल सिंहका अनुसार 'श्री' शब्दले सुन्दरता, शक्ति, बुद्धि र धनको सन्तुलनलाई जनाउँछ। 'बुकुरो' को अर्थ हुन्छ सानो घर। यसमै आधारित रहेर चलचित्र तयार भएको छ।

एउटी आमा र उसका तीन भाइ छोरा। दुईको विवाह भइसकेको छ भने कान्छोको विवाहको तरखर छ। विवाहकै तयारीमा हुने घटनाक्रमले निम्त्याउने परिस्थितिमा चलचित्र तयार गरिएको छ। पूर्ण पारिवारिक चलचित्रले परिवारको महत्व दर्शाउने निर्देशक सिंहले बताए।

उनले भने, 'अहिले परिवार एकसाथ हुन् कुनै शुभकार्य वा चाडपर्व नै हुनुपर्छ। तर, एउटी आमाको चाहना सबै परिवारसँगै रहेर खुसी र सुखी होस् भन्ने हुन्छ। मैले आमाको भावनालाई समेटेर चलचित्र तयार गरेको छु। यो हेरिरहँदा आफ्नो परिवारलाई पक्कै याद गर्नुहुनेछ।'

उक्त चलचित्रमा आमाको भूमिकामा अभिनेत्री लक्ष्मी गिरी छन्। कलाकारिता गरेको झन्डै पाँच दशकको यात्रामा अभिनेत्री गिरीले यसपटक कथालाई नेतृत्व गर्ने मौका पाएका छन्। 'श्री बुकुरो'को सबैभन्दा शक्तिशाली पात्र निर्वाह गर्ने अवसर पाएको अभिनेत्री गिरीले बताइन्।

'मलाई तपाइँ नै चलचित्रको हिरो (शिर्ष पात्र) होभन्दा कता कता डर पनि लाग्यो। किनकि मलाई लिएर यस्तो कथा अहिले कसैले सोच्छ भन्ने मैले सोच्न छाडेकी थिएँ, तर यो कथा सुनेपछि आत्म विश्वास बढ्यो। चलचित्रले परिवार जोड्ने कथा लिएर आएको छ, त्यसैले यो पारिवारिक चलचित्र हो', अभिनेत्री गिरीले भनिन्।

परिवारको एकतामा हुने शक्ति देखाइएको उक्त चलचित्रमा घरलाई निर्जीव वस्तु नभई भावना र सम्झनाको प्रतिकको रूपमा चित्रण गरिएको उनले बताइन्।

'घरसँग जीवनको स्मरण जोडिएको हुन्छ, त्यसैले त्यो निर्जीव होइन। घरको महत्व र परिवारको एकताको विषयलाई केन्द्रमा राखेर तयार गरिएको कथाले दर्शकको मन छुन्छ', अभिनेत्री गिरीले भनिन्।

चलचित्रमा अभिनेत्री गिरीसँगै आशिर्वाद क्षेत्री, निकिता आचार्य, राजन इशान, उत्तम केसी, रोशनी कार्कीलगायतका कलाकारले अभिनय गरेका छन्। आधुनिक युगमा छरिएको परिवारलाई एकीकृत बनाउने आमाको प्रयासमा दर्शक 'कनेक्ट' हुने विश्वास अभिनेता आशिर्वाद क्षेत्रीको छ।

'आमा, छोरा र परिवारको कथाले चलचित्र भवनमा आइपुग्नुभएका दर्शकलाई पर्दाका पात्रसँग जोड्छ भन्ने लागेको छ। यसमा मैले कान्छो छोराको भूमिका निर्वाह गरेको छु, हामी सबै कलाकारको पात्र हाम्रो घर र समाजदेखिने किसिमका छन्', उनले भने।

# दिवंगत चलचित्र पत्रकार सिटौलाको स्मृतिमा अक्षय कोष स्थापना

■ प्रभाव संवाददाता



**काठमाडौं –** चलचित्र पत्रकार संघ नेपालका निवर्तमान अध्यक्ष स्वर्गीय दिनेश सिटौलाको अल्पआयुमै निधन भएको १३औं दिनको पुण्यतिथिका अवसरमा रु १० लाखको अक्षय कोष स्थापना गर्ने घोषणा गरिएको छ।

संघले श्रद्धाञ्जलीसभाको आयोजना गरी सो घोषणा गरेको हो। संघका अध्यक्ष समीर बलामीले हरेक वर्ष माघ १८ गते स्व दिनेश सिटौलाको स्मृतिमा विशेष कार्यक्रम आयोजना गर्ने तथा संघको वार्षिक उत्सवका अवसरमा 'स्व दिनेश सिटौला चलचित्र पत्रकारिता स्मृति पुरस्कार' प्रदान गर्ने उद्देश्यसहित उक्त अक्षय कोष स्थापना गरिएको जानकारी दिए।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले स्व सिटौलाको नेपाली चलचित्र उद्योग र चलचित्र पत्रकारितामा रहेको योगदानको स्मरण गर्दै अक्षय कोषमा सहयोग गर्न सबैसँग अपिल गरे। उनले स्व सिटौलाले पुराना तथा नयाँ पुस्ताका पत्रकार र चलचित्रकर्मीबीच सहकार्य र सहजीकरणको वातावरण सिर्जना गर्दै आएको उल्लेख गर्दै बोर्डका तर्फबाट अक्षय कोषमा रु ५१ हजार सहयोग प्रदान गर्ने घोषणा गरे।

त्यसैगरी, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्दै स्व सिटौलाको योगदानको चर्चा गरे। उनले स्व सिटौला मिलनसार, सहयोगी भावना र सकारात्मक सोचका धनी व्यक्तित्व भएको उल्लेख गर्दै व्यक्तिगत रूपमा रु १० हजार सहयोग प्रदान गरे।

कार्यक्रममा संघका पूर्व अध्यक्ष विदुर गिरी, सल्लाहकार डब्बु क्षेत्री तथा वरिष्ठ चलचित्र पत्रकारहरू ध्रुव लम्साल, जयन सुब्बा मानन्धर, कृष्ण भट्टराई, दीपज्योति थापा, रोयल आचार्यलगायतले श्रद्धाञ्जली अर्पण गर्दै स्व सिटौलाको योगदानको चर्चा गरेका थिए।

स्थापित अक्षय कोषमा विभिन्न संघ-संस्था तथा व्यक्तिहरूबाट सहयोग घोषणा गरिएको छ। ओएसआर डिजिटलले रु ३१ हजार, चलचित्र लेखक प्रदीप भारद्वाजले रु २५ हजार, निर्माताद्वय सरोज वली र मोहितवंश आचार्यले रु २५ हजार, षट्कोण आर्ट्सले रु २५ हजार, दिलासा क्रिएसनका तर्फबाट वरिष्ठ चलचित्र पत्रकार लक्ष्मण सुवेदीले रु ११ हजार तथा चलचित्र 'राम नाम सत्य' टिमले रु १० हजार सहयोग घोषणा गरेका छन्।

यसअघि चलचित्र पत्रकार तथा अन्य सहयोगी निर्माता एवं व्यक्तिहरूबाट रु तीन लाखभन्दा बढी सहयोग संकलन भइसकेको संघले जनाएको छ। यसैबीच, प्रदर्शनको ५१औं दिनको अवसरमा चलचित्र 'झरी पछिको इन्द्रेणी' टिमले अक्षय कोषका लागि रु १० लाख सहयोग गर्ने प्रतिबद्धता जनाउँदै थप सहयोग संकलन गरिएको जानकारी दिइएको छ।

# 'फ्रेन्ड्स सिनेमाज्' अब इलाममा पनि

**काठमाडौं (प्रस)–** फ्रेन्डस् सिनेमाले आफ्नो तेस्रो शाखा विस्तार गरेको छ। धरान र बुटवलपछि फ्रेन्डस् सिनेमाले आफ्नो तेस्रो शाखा इलाममा विस्तार गरेको हो। इलाम नगरपालिका-७ मा आउँदो शुक्रबारबाट यो चलचित्र घर सञ्चालनमा आउनेछ। फ्रेन्डस् सिनेमाका निर्देशक आशिस एच तामाङका अनुसार साढे तीन करोड लगानीमा चलचित्र घर तयार भएको हो।

एउटा स्क्रिन रहेको यो चलचित्र घरमा १९० सिट क्षमता छ। चलचित्र विकास बोर्डले शुक्रबारबाट सञ्चालनको अनुमति दिइसकेको छ।

'ठूला सहरमा मात्रै चलचित्र घर रहेको अवस्थामा हामीले गाउँगाउँमा पनि चलचित्र देखाउने र हेर्ने वातावरण बनाउँदै लैजानुपर्छ भनेर पहाडी जिल्ला इलाममा हल खोलेका हौँ,' तामाङले भने, 'हामी सिनेमाको बजार विस्तार गर्नुपर्छ भन्छौँ, तर चलचित्र घर भने काठमाडौं र ठूलो सहरमा मात्रै केन्द्रित गर्छौं। बजार विस्तार गर्ने हो भने हरेक जिल्लामा सुविधासम्पन्न हल सञ्चालनमा आउनुपर्छ।'

उनले सम्भव भएसम्म अन्य जिल्लामा पनि हल विस्तार गर्ने योजना रहेको बताए। नेपाली चलचित्रको बजार विस्तार गर्ने हो भने पहिला घरेलु बजार नै बढाउँदै लैजानु पर्ने उनको धारणा छ। अहिले पनि ठूला सहरमा बस्नेबाहेकका दर्शकलाई हलमा चलचित्र हेर्ने वातावरण नरहेको भन्दै तामाङ जिल्ला-जिल्लामा सानासाना सिनेमा घर खोल्ने हो भने अहिलेकै अवस्थामा पनि घरेलु बजार दोब्बरभन्दा माथि बढ्ने बताउँछन्।



टी-२० विश्वकप क्रिकेट

# बलियो वेस्ट इन्डिजसँग नेपालको भाग्य परीक्षा आज

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले आज (आइतबार) बलियो टोली वेस्ट इन्डिजको सामना गर्दैछ। लगातार दुई खेलमा पराजित नेपालले आईसीसी टी-२० विश्वकप २०२६ अन्तर्गतको समूह सी मा आफ्नो तेस्रो खेल वेस्ट इन्डिजसँग खेल्ने भएको हो।

यसअघि दुवै खेलमा पराजित नेपाल दुई पटकको टी-२० विश्वकप विजेता वेस्ट इन्डिजसँग महत्वपूर्ण खेलअघि नेपाली क्रिकेट टोलीले वानखेडे स्टेडियममै वेस्ट इन्डिजसँग खेल्नेछ। यी दुईबीचको खेल बिहान ११:१५ बजे सुरु हुनेछ।

समूह सी मा स्कटल्यान्ड र इंग्ल्यान्डलाई हराएको वेस्टइन्डिज



अपराजित रहेर ४ अंकसहित शीर्ष स्थानमा छ। नेपाल भने यसअघि दुवै खेलमा पराजित भएको थियो र यस समूहमा अंकविहीन हुने एक्लो टोली हो। नेपालले यसअघि इंग्ल्याण्ड र इटालीसँग पराजित भएको थियो। इंग्ल्याण्डसँग शानदार खेलपछि ४ रनको झिनो पराजय भोगेको नेपालले कमजोर इटालीसँग १० विकेटको फराकिलो हार ब्यहोरेको थियो। नेपालले लिग चरणको अन्तिम खेल स्कटल्याण्डसँग खेल्नेछ। टी-२० विश्वकपको सुपर एटमा पुग्ने लक्ष्यका साथ मुम्बई आएको नेपाली टोलीले यसअघिका दुई खेलमा फरक शैलीमा हार बेहोरेको थियो।

नेपालले टी-२० विश्वकप २०२६ मा स्थान सुरक्षित गरेपछि वेस्ट इन्डिजसँगै नै शारजाहमा सेप्टेम्बरमा तीन खेलको युनिटी कप टी-२०आई सिरिज खेलेको थियो। उक्त सिरिज नेपालले २-१ ले जित्दै इतिहास रचेको थियो।

# 'रन फर फन' दौडको उपाधि ओली र बस्नेतलाई

**खोटाङ (प्रस)–** महाशिवरात्रि तथा २६३औं नेपाली सेना दिवसका अवसर खोटाङमा आयोजना गरिएको 'रन फर फन' दौड प्रतियोगिताको उपाधि खिमबहादुर ओली र दीपा बस्नेतले जितेका छन्। नेपाली सेनाको दिक्तेलस्थित रणभीम गण मुडे ब्यारेकले आयोजना गरेको दौड प्रतियोगिताको पुरुषतर्फ रणभीम गणका ओली र महिलातर्फ केपिलासगढी गाउँपालिका-४ बाक्सिलाकी बस्नेत उपाधि जितेका हुन्।

महिला/पुरुष दुवैमा पाँच किलोमिटर दूरीको दौड प्रतियोगिताको पुरुषतर्फ मुडे ब्यारेकका लेखराज पुनमगर द्वितीय, सागर नेपाली तृतीय र केपिलासगढी गाउँपालिका-३ बास्पानीका सूर्यराज राई सान्त्वना भएका छन्। महिलातर्फको प्रतियोगितामा रणभीम गण मुडे ब्यारेककी पुष्पा अवस्ती द्वितीय, अस्मिता महतो तृतीय र दिक्तेल इंग्लिस बोर्डिङ स्कूलकी छात्रा मन्दिरा थापा सान्त्वना भएका छन्।

पुरुष तथा महिलातर्फ दुवै प्रतियोगिताका प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने धावकलाई क्रमशः नगद रु पाँच हजार रु तीन हजार, रु दुई हजार र रु एक हजारको मेडल प्रदान गरिएको छ।

प्रतियोगिताका विजेता धावकहरूलाई प्रमुख जिल्ला अधिकारी रेखा कँडेल, गणपति प्रमुख सेनानी केदारप्रसाद लामिछाने, प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक प्रकाश बूढाथोकी र सशस्त्र प्रहरी बल का सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र न्यौपानेले पुरस्कार वितरण गर्नुभएको छ।

यसैबीच, सबैभन्दा कम उमेरमा सहभागी भएर निर्धारित दूरीको दौड पूरा गर्नुभएकी हिलसाइड एकेडेमी दिक्तेलमा अध्ययनरत छात्रा १२ वर्षीया रोशिका दाहाललाई सम्मान गरिएको आयोजकले जनाएको छ। प्रतियोगितामा पुरुषतर्फ १५१ जना र महिलातर्फ ५४ जनाको सहभागिता थियो। दिक्तेल बजारको रत्नपार्कस्थित किरातचोकबाट सुरु गरिएको दौड प्रतियोगिता अल्छेढुंगा हुँदै भालुखोला पुगेर पुनः फर्किएपछि रत्नपार्कबाट मानव अधिकारचोक हुँदै माटिकोरे खेलमैदानमा पुगेर टुंग्याइएको थियो। रणभीम गण मुडे ब्यारेकले गत वर्षको महाशिवरात्रि तथा सेना दिवसमा पनि सर्वसाधारणलाई सहभागी गराएर 'रन फर फन' दौड प्रतियोगिता आयोजना गरेको थियो।

आहा रारा गोल्डकप

# पुलिसलाई हराउँदै आयोजक सहारा सेमिफाइनलमा



■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा सञ्चालन भइरहेको राष्ट्रिय तथा अन्तरराष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा आयोजक सहारा क्लब प्रवेश गरेको छ। पोखरा रङ्गशालामा शनिबार सम्पन्न पहिलो क्वाटरफाइनलको रोमाञ्चक खेलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई 'सडनडेथ'सम्म पुगेको खेलमा ६-५ गोलले हराउँदै सहाराले अन्तिम चारमा स्थान बनाएको हो।

पुलिस क्लबले खेलको ४९औं मिनेटमा कप्तान राम बाजीको गोलमार्फत अग्रता लिएको थियो। खेलको ६१औं मिनेटमा सहाराले पेनाल्टी पायो। मुकुन्दकुमार निउरेले कुनै गल्ती नगरिकन गोल गर्दै खेल बराबरीमा ल्याए। निर्धारित ९० मिनेट र अतिरिक्त समयमा दुवै टोलीबाट थप गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टी सुटआउटमा पुगेको थियो।

पेनाल्टीमा पुलिसका राम बाजीको प्रहार असफल रहँदा सहाराका गोलरक्षक टिकेन्द्र थापा पनि गोल गर्नबाट चुके। तर सडेनडेथमा पुगेको खेलमा पुलिसका धिरेन्द्र शाहको प्रहारलाई उत्कृष्ट रूपमा बचाउ गर्दै टिकेन्द्रले टोलीलाई सेमिफाइनल पुऱ्याउन निर्णायक भूमिका खेले।

पेनाल्टीमा सहाराका डिनियल बडारु, प्रशन्न श्रेष्ठ, विनय तामाङ, विक्की चामलिङ राई र शिसश थापाले गोल गरेका छन्। पुलिसका निरज खड्का, दशरथ गिरी, जोन विष्ट, विजय उराव, अमित टमाटा र सञ्जीव लामाले गोल गरेका हुन्।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका सहाराका गोलरक्षक थापा 'प्लेयर अफ दी म्याच' घोषित हुँदै नगद रु १० हजारसहित ट्रफी प्राप्त गरेका छन्। प्रतियोगिताअन्तर्गत क्वाटरफाइनलको आइतबार हुने दोस्रो खेलमा जावलाखेल युथ क्लब र चर्च ब्वाइज युनाइटेड भिड्नेछन्।

यही फागुन ९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा विदेशका तीन र नेपालका नौ गरी १२ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताको च्याम्पियन टोलीले रु १४ लाख एक हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउँदा उपविजेता टोलीले रु सात लाख एक हजारसहित ट्रफी पुरस्कार पाउने आयोजक सहाराले जनाएको छ।




इण्डोनेसियाको जकार्तामा चिनियाँ नयाँ वर्ष मनाउन आयोजित ड्र्यागन नृत्य कार्यक्रममा प्रस्तुति दिँदै कलाकार । *तस्बिरः सिन्ह्वा*

# युरोप र बेलायतबीचको सम्बन्ध सुधारका लागि नेताहरूको जोड



**म्युनिख, जर्मनी–** 'ब्रेक्जिट'को विषयमा निर्णय लिन भएको जनमत संग्रहको १० वर्षपछि बेलायत र युरोपेली संघले बढ्दो अस्थिर विश्वमा आफ्नो स्थान मजबुत पार्नुपर्ने यस क्षेत्रका नेताहरूले शनिबार बताएका छन् ।

युरोपेली संघकी प्रमुख उर्सुला भोन डेर लेयनले म्युनिख सुरक्षा सम्मेलनमा युरोप र बेलायतले हाम्रो लोकतन्त्रको रक्षार्थ 'सुरक्षा र अर्थतन्त्रमा' अझ नजिकबाट सहकार्य गर्न आवश्यक रहेको बताएकी छन् ।

'युरोप र विशेषगरी बेलायत एकसाथ अघि बढ्नुपर्छ । ब्रेक्जिटपछि १० वर्ष बितिसक्दा पनि हाम्रो भविष्य पहिलेभन्दा भिन्न नभएको बरू उस्तै वा अझ बिग्रिएको अवस्थामा रहेको छ,' उनले म्युनिख सुरक्षा सम्मेलनमा भनिन् ।

सम्मेलनमा बेलायती नेता केइर स्टार्मरले पनि उनको भनाइलाई समर्थन गरेका थिए । 'हामी दोबाटोमा छैनौं । अगाडिको बाटो सीधा छ र यो स्पष्ट छ । हामीले हाम्रो मजबुत शक्ति निर्माण गर्नुपर्छ, किनकि यो युगको मुद्रा हो,' उनले भने, 'हामी आक्रामकतालाई रोक्न सक्षम हुनुपर्दछ र आवश्यक भएमा हामी युद्धको सामना गर्न तयार बन्नुपर्छ । युरोपभरि एक साझा औद्योगिक आधार निर्माणका लागि आह्वान गर्दछ, जसले हाम्रो रक्षा उत्पादनलाई गति दिन सक्छ र हाम्रो शक्ति गुणा गर्न सक्छ ।'

शुक्रबार नेटो प्रमुख मार्क रुटले भने, 'शक्तिशाली नेटोसँगै युरोप बलियो हुनुको अर्थ ट्रान्सएटलान्टिक बन्धन पहिलेभन्दा बलियो हुने छ ।' फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले भने, 'यो युरोपलाई शक्तिशाली बनाउने सही समय हो, जसले सुरक्षाको आफ्नै वास्तुकला निर्माण गर्ने छ ।' *रासस/एएफपी*

# आर्टेमिस द्वितीयको प्रक्षेपणतर्फ अर्को परीक्षण

**वासिङ्टन–** चन्द्रमामा मानव फर्काउने महत्त्वाकांक्षी योजनाअन्तर्गत नासाले आर्टेमिस द्वितीय मिसनका लागि तयारी तीव्र बनाएको छ। अन्तरिक्ष उडानअघि यानको विश्वसनीयता सुनिश्चित गर्न गरिएको 'भेहिकल कन्फिडेन्स टेस्ट' अर्थात् यान विश्वास परीक्षण सम्पन्न भएसँगै प्रक्षेपणको सम्भावित समयरेखा थप स्पष्ट भएको छ ।

नासाले सामाजिक सञ्जाल एक्समार्फत अद्यावधिक सार्वजनिक गर्दै फेब्रुअरी १२ मा सम्पन्न विश्वास परीक्षणपछिको डेटाको समीक्षा भइरहेको जनाएको छ । निकट भविष्यमा अर्को परीक्षणको समय निर्धारण गर्नुअघि प्राप्त निष्कर्षहरूको सूक्ष्म अध्ययन गरिने नासाले उल्लेख गरेको छ । यसै महिनाभित्र दोस्रो 'वेट ड्रेस रिहर्सल' अर्थात् इन्धनसहितको पूर्णपूर्वाभ्यास सञ्चालन गर्ने तयारी रहेको र मार्च महिनालाई सबैभन्दा प्रारम्भिक सम्भावित प्रक्षेपण विण्डोका रूपमा हेरिएको बताइएको छ ।

अमेरिकी अन्तरिक्ष एजेन्सीले जारी गरेको विस्तृत विज्ञप्तिअनुसार उडानपूर्वको बलियो प्राविधिक परीक्षणअन्तर्गत इञ्जिनियरहरूले स्पेस लञ्च सिस्टम (एसएलएस) कोर स्टेजको तरल हाइड्रोजन ट्यांकी आंशिकरूपमा भरेर मूल्यांकन गरेका थिए । रकेटमा इन्धन भर्ने क्रममा प्रयोग हुने क्षेत्रमा हालै प्रतिस्थापन गरिएका सिलहरूको प्रभावकारिता जाँच्नु परीक्षणको प्रमुख उद्देश्य थियो ।



परीक्षणका क्रममा रकेटतर्फ तरल हाइड्रोजनको प्रवाह कम गराउने 'ग्राउण्ड सपोर्ट इक्विपमेन्ट' अर्थात् भूमिगत सहयोगी उपकरणसँग सम्बन्धित समस्या देखिएको नासाले जनाएको छ । यद्यपि, टोलीले धेरै मुख्य उद्देश्यहरूमा अपेक्षित विश्वास प्राप्त गरेको र कोर स्टेज इन्टरफेसहरूबाट महत्त्वपूर्ण डेटा संकलन गर्न सफल भएको उल्लेख गरिएको छ। यिनै इन्टरफेसहरू अघिल्लो वेट ड्रेस रिहर्सलका क्रममा चुहावट देखिएको स्थान थिए ।

इञ्जिनियरहरूले उपयुक्त वातावरणीय अवस्था कायम राख्न सप्ताहन्तमा लाइन सफा गर्ने र कम प्रवाहको कारण ठानिएको फिल्टर प्रतिस्थापन गर्नुअघि भूमिगत सहयोगी उपकरणहरूको निरीक्षण गर्ने योजना बनाएको जनाइएको छ । अर्को परीक्षणअघि सबै निष्कर्षहरूको पुनरावलोकन गरिने नासाले स्पष्ट पारेको छ ।

आर्टेमिस द्वितीय, आर्टेमिस कार्यक्रमअन्तर्गत पहिलो चालकदलयुक्त मिसन हो । शक्तिशाली अन्तरिक्ष प्रक्षेपण प्रणाली र ओरियन अन्तरिक्षयान प्रयोग गरी चार अन्तरिक्षयात्री चन्द्रमाको वरिपरि परिक्रमा गरेर पृथ्वीमा फर्किने छन् । चालकविहीन आर्टेमिस प्रथमभन्दा भिन्न, यस मिसनमा जीवन-समर्थन प्रणालीसहित गहिरो अन्तरिक्ष सञ्चालनको प्रत्यक्ष परीक्षण गरिने छ ।

यो अभियानले आगामी आर्टेमिस तृतीयका लागि आधार तयार पार्ने अपेक्षा गरिएको छ, जसको लक्ष्य चन्द्रमाको सतहमा पुनः अन्तरिक्षयात्री अवतरण गराउने र भविष्यको दीर्घकालीन चन्द्र अन्वेषण योजनालाई मजबुत बनाउने रहेको छ । *रासस/एएनआई*

# भेनेजुएलामा राजनीतिक दमन अन्त्यतर्फ कदम चाल्दै, १७ कैदी रिहा

क्याराकस- भेनेजुएलाका संसद् अध्यक्ष होर्जे रोड्रिगेजले शनिबार १७ जना राजनीतिक कैदीहरूलाई रिहा गरिएको घोषणा गरेका छन्। उक्त कदम त्यतिबेला आएको हो जब देशको संसद्मा ऐतिहासिक राजनीतिक रिहाइ विधेयकको प्रस्तावमा छलफल जारी छ, जसले विपक्षीहरूविरुद्ध अदालतको दमन रोक्ने उद्देश्य राखेको छ। संसद् अध्यक्ष होर्जे रोड्रिगेजले राजधानी क्याराकसको 'जोना ७' कारागारमा रहेका यी व्यक्तिहरूलाई रिहा गरिएको जानकारी सामाजिक सञ्जालमार्फत जनाएका छन् । उनले भेनेजुएलाका नागरिकहरूलाई शान्तिको मार्गमा अघि बढ्न र लोकतान्त्रिक सहअस्तित्व निर्माण गर्न निरन्तर प्रयास गर्न आग्रह गरेका छन्, यद्यपि रिहा भएका १७ जनाको नाम सार्वजनिक गरिएको छैन ।

विधेयक लागू भएमा विगत २७ वर्षदेखि निकोलस मडुरो र उनका पूर्ववर्ती ह्युगो चाभेजको शासनको विरोध गर्ने सबै विपक्षीहरूविरुद्ध लगाइएका आरोपहरू समेटिने अपेक्षा गरिएको छ। यस विधेयकले 'राजद्रोह,' 'आतंकवाद' र 'घृणा फैलाउने' जस्ता आरोपलाई समेत राजनीतिक रिहाइको दायरामा ल्याउने प्रस्ताव राखेको छ। विधेयकको पारित प्रक्रिया केही दिनका लागि स्थगित गरिएको छ र फेब्रुअरी १९ मा पुनः बहस जारी राख्ने निर्णय भएको छ।

यस विधेयकलाई भेनेजुएलामा राजनीतिक विरोधीहरू विरुद्धको दमन अन्त्य गर्ने र लामो समयदेखि चलेको राज्यीय दमनको अन्त्य गर्ने महत्त्वपूर्ण पहलका रूपमा हेरिएको छ । यसले अझै धेरै राजनीतिक कैदीहरूलाई रिहा हुने अवसर प्रदान गर्ने सम्भावना राखेको छ, जसको माग विपक्षी समर्थक र मानवअधिकार समूहहरूले लामो समयदेखि गर्दै आएका थिए । *रासस/एएफपी*

# क्यारेबियनमा अमेरिकी आक्रमण, तीनको मृत्यु

**वासिङ्टन–** क्यारेबियन सागर क्षेत्रमा लागुऔषध तस्करी नियन्त्रण अभियान तीव्र बनाइरहेको अमेरिकी सेनाले अर्को एक कथित तस्करी डुंगामाथि घातक आक्रमण गरेको जनाएको छ । उक्त कारबाहीमा कम्तीमा तीन जनाको मृत्यु भएको जानकारी शुक्रबार सार्वजनिक गरिएको हो ।

अमेरिकी दक्षिणी कमाण्डले सामाजिक सञ्जालमार्फत दिएको विवरणअनुसार सो डुंगा 'क्यारेबियन क्षेत्रमा परिचित लागुऔषध तस्करी मार्गमा आवागमन गरिरहेको र तस्करी अपरेसनमा संलग्न' रहेको दाबी गरिएको छ । आक्रमणसँगै जोडिएको भिडियोमा डुंगा समुद्र सतहमा तीव्र गतिमा अघि बढिरहेको देखिन्छ र त्यसपछि विष्फोटसहित आगो लागेको दृश्य देखिन्छ ।

शुक्रबारको यो कारबाहीसँगै सेप्टेम्बरको सुरुदेखि क्यारेबियन सागर र पूर्वी प्रशान्त महासागर क्षेत्रमा गरिएको कम्तीमा ३८ वटा यस्तै आक्रमणमा ज्यान गुमाउनेहरूको संख्या १३३ पुगेको उल्लेख गरिएको छ। यी आक्रमणहरू अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनकालदेखि कथित लागुऔषध डुंगाहरू लक्षित गर्दै सञ्चालन हुँदै आएका छन् ।

गत साता अमेरिकी रक्षामन्त्री पिट हेग्सेथले क्यारेबियन क्षेत्रमा अमेरिकी सेनाले हालै गरेका कडा र प्रभावकारी आक्रमणका कारण त्यहाँ सक्रिय केही ठूला लागुऔषध तस्कर समूहहरूले आफ्नो तस्करी काम अस्थायीरूपमा बन्द गर्ने निर्णय गरेको बताएका थिए। तर उनले उक्त दाबीलाई पुष्टि गर्ने ठोस विवरण वा प्रमाण सार्वजनिक गरेका छैनन् ।

यसैबीच, राष्ट्रपति ट्रम्पले ल्याटिन अमेरिकाका कार्टेलहरूसँग अमेरिका 'सशस्त्र द्वन्द्व' मा रहेको बताउँदै लागुऔषधको प्रवाह रोक्नका लागि यस्ता आक्रमण आवश्यक भएको धारणा व्यक्त गरेका छन् । यद्यपि, प्रशासनले 'नार्कोटेररिस्ट' भनिएका व्यक्तिहरूको हत्या भएको दाबीलाई समर्थन गर्ने पर्याप्त प्रमाण भने सार्वजनिक गरेको छैन ।

क्यारेबियन र पूर्वी प्रशान्त क्षेत्रमा लागुऔषधविरुद्धको यो सैन्य कारबाहीले क्षेत्रीय सुरक्षाबारे बहस चर्काइरहेको छ, जहाँ मानवअधिकार र अन्तर्राष्ट्रिय कानुनी दायित्वका प्रश्नहरू पनि उठ्न थालेका छन् । *रासस/एपी*

# बंगलादेश: जमातले स्वीकाऱ्यो चुनावी हार

**ढाका–** बंगलादेशको राजनीतिक संक्रमणपछि सम्पन्न पहिलो संसदीय निर्वाचनमा पराजित भएको बंगलादेश जमात-ए-इस्लामीले अन्ततः नतिजा स्वीकार गरेको घोषणा गरेको छ । विपक्षी बंगलादेश नसनालिस्ट पार्टी (बिएनपी) ले स्पष्ट बहुमतसहित विजय हासिल गरेपछि जमातले 'समग्र परिणाम' लाई मान्यता दिने जनाएको हो ।

सन् २०२४ को घातक विद्रोहपछिको पहिलो आमनिर्वाचन बिहीबार सम्पन्न भएको थियो । निर्वाचन आयोगद्वारा सार्वजनिक तथ्यांकअनुसार बिएनपी नेतृत्वको गठबन्धनले २१२ सिट जितेको छ भने जमात नेतृत्वको गठबन्धनले ७७ सिटमा विजय हासिल गरेको छ। प्रारम्भिक चरणमा केही 'विसंगति र मनगढन्त' आरोप लगाउँदै आयोगसँग समाधान खोज्ने बताएका ६७ वर्षीय जमात प्रमुख शफिकुर रहमानले शनिबार भने औपचारिकरूपमा हार स्वीकार गरेका हुन् ।



'कुनै पनि वास्तविक लोकतान्त्रिक यात्रामा नेतृत्वको साँचो परीक्षा हामीले अभियान कसरी सञ्चालन गर्छौं भन्नेमात्र होइन, जनताको निर्णयप्रति हामीले कसरी प्रतिक्रिया जनाउँछौं भन्ने पनि हो,' विज्ञप्तिमार्फत उनले भने, 'हामी समग्र परिणामलाई मान्यता दिन्छौं र विधिको शासनलाई सम्मान गर्दछौं ।'

विद्रोहपछिको अन्तरिम व्यवस्थामा 'प्रमुख सल्लाहकार' का रूपमा नेतृत्व गरेका ८५ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले बिएनपी नेता तारिक रहमानलाई 'उनको पार्टीको शानदार विजय'का लागि बधाइ दिएका छन् । सत्ता हस्तान्तरणको तयारी भइरहेको सन्दर्भमा उनले तारिक रहमानबाट देशलाई स्थिरता, समावेशीकरण र विकासतर्फ मार्गदर्शन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

जमात प्रमुख रहमानले आफ्नो पार्टी संसद्मा सक्रिय रूपमा सहभागी हुने बताउँदै सशक्त तर शान्तिपूर्ण विपक्षको भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन्। 'हामी सरकारलाई जवाफदेही बनाउँदै सतर्क, सैद्धान्तिक र शान्तिपूर्ण विपक्षका रूपमा काम गर्नेछौं,' उनले उल्लेख गरे, 'सैद्धान्तिक र शान्तिपूर्ण राजनीतिप्रतिको हाम्रो प्रतिबद्धता अडिग छ ।'

उनले विगतका निर्वाचनको तुलनामा यसपटक इस्लामवादी दलहरूले जितेका सिटमा उल्लेखनीय वृद्धि भएको पनि औंल्याएका छन् । अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाको शासनकालमा दमन झेलेको उल्लेख गर्दै उनले आफ्नो आन्दोलन एकल चुनावमा सीमित नभएको बताए । 'हाम्रो आन्दोलन लोकतान्त्रिक संस्कृतिलाई सुदृढ पार्ने, नागरिक अधिकारको रक्षा गर्ने र न्यायपूर्ण तथा जवाफदेही राज्य निर्माण गर्ने उद्देश्यमा केन्द्रित छ,' उनले भने ।

७७ सिटसहित संसदीय उपस्थिति करिब चार गुणा बढेको दाबी गर्दै रहमानले जमात आधुनिक बंगलादेशी राजनीतिमा बलियो विपक्षी शक्तिका रूपमा स्थापित भएको बताएका छन् । 'यो अवरोध होइन, यो नयाँ आधार हो,' उनले निष्कर्ष दिएका छन् । *रासस/एएफपी*

# इरानसँगको तनावमा ट्रम्पले अमेरिकी दबाब बढाउँदै

**तेहरान–** अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको बढ्दो तनावलाई ध्यानमा राख्दै मध्यपूर्वतर्फ दोस्रो अमेरिकी विमानवाहक पोत पठाउने निर्णय गरेको छ ।

यस विमानवाहक पोतको नाम 'युएसएस जेराल्ड आर फोर्ड' हो र यो पहिले नै मध्यपूर्वमा रहेका अन्य युद्धपोतहरूसँगै सञ्चालनमा जाने छ । यसले अमेरिकाको केन्द्रीय कमाण्ड क्षेत्रमा दुई विमानवाहक समूहको उपस्थिति सुनिश्चित गर्ने छ। राष्ट्रपति ट्रम्पले यस कदमको उद्देश्य इरानमाथि नयाँ परमाणु सम्झौता गर्न सकारात्मक दबाब सिर्जना गर्नु रहेको बताएका छन् । उनले यदि इरानसँगको सम्झौता असफल भएमा यो पोत आवश्यक पर्न सक्ने भनेका छन्।



उनले इरानमा सत्ता परिवर्तन सबैभन्दा राम्रो विकल्प हुनसक्छ भन्ने संकेत पनि गरेका छन् । पछिल्ला केही महिनामा इरानमा देशव्यापी प्रदर्शनहरू भएका छन्, जसमा नागरिकहरू सरकारको विरोधमा आन्दोलित भएका छन् र त्यसमा सरकारको प्रतिक्रिया र नियन्त्रणका कारण तनाव बढेको छ । यी परिस्थितिहरूले इरानको आन्तरिक राजनीतिमा केही दबाब सिर्जना गरेको देखिन्छ ।

यस कदमले मध्यपूर्वमा क्षेत्रीय सुरक्षा र कूटनीतिक सन्तुलनमा महत्त्वपूर्ण प्रभाव पार्न सक्छ । अमेरिकी सैन्य विस्तारले इरानमाथि दबाब सिर्जना गरेको भए पनि सम्भावित द्वन्द्वको जोखिम बढेको देखिन्छ । विशेषज्ञहरूले यसलाई इरानसँगको कूटनीतिक संवादलाई सुदृढ बनाउने र आवश्यक परे सावधानीपूर्वक सैन्य विकल्प तयारी गर्ने उपायका रूपमा व्याख्या गरेका छन् । *रासस/एपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ३०३५०० | प्रति तोला – ० | प्रति तोला – ५००० |



**बजार लैजाने तयारीमा चिराइतो** | ताप्लेजुङको मैवाखोला गाउँपालिका क्षेत्रमा पर्ने तीनजुरे–मिल्के क्षेत्रबाट सक्तलन गरी बिक्रीका लागि तयारी अवस्थामा राखिएको भाले चिराइतो । *तस्बिरः दिलकुमार लिम्बू/रासस*

# लक्ष्यअनुसार राजस्व संकलन नभएपछि अनुदान कटौती

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेपछि प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गरेको छ ।

महालेखा नियन्त्रक कार्यालयले गत माघ २७ गते सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ताबापतको रकम कटौती गर्न भनेको हो ।

'पुस मसान्तसम्म लक्ष्यको तुलनामा ८१ दशमलव ७५ प्रतिशत मात्र राजस्व संकलन भएको र सोही अनुपातमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न अर्थ मन्त्रालयबाट लेखिआएको छ', महालेखा नियन्त्रक कार्यालयको परिपत्रमा भनिएको छ, 'जसअनुसार तेस्रो त्रैमासिक किस्तावापत हुने २५ प्रतिशत मध्ये २० दशमलव ४३ प्रतिशत अर्थात् कूल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७० दशमलव ४३ प्रतिशतमा नबढ्ने गरी प्रदेश तथा स्थानीय तहमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नु गराउन हुन यस कार्यालयको २०८२ माघ २७ गतेको निर्णयानुसार अनुरोध छ ।'

अर्थ मन्त्रालयले गत साउनमा नै चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि ९५ बुँदे मार्गदर्शन जारी गर्दै वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा पहिलो र दोस्रो किस्ता सुरु अनुमानबमोजिम र तेस्रो किस्ता पुस मसान्तको राजस्व लक्ष्य तथा संकलनको अनुपातका आधारमा भुक्तानी गरिने जनाएको थियो । त्यस्तै, चौथो किस्ता चैत मसान्तसमको राजस्वको लक्ष्य तथा संकलनको अनुपातका आधारमा पुनःनिर्धारण गरी हस्तान्तरण गरिने पनि मार्गदर्शनमा उल्लेख छ ।





अर्थ मन्त्रालयका अनुसार यसवर्ष सरकारले रू १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख कूल आम्दानी गर्ने लक्ष्य राखेकामा पुस मसान्तसम्मको प्राप्ति भने रू पाँच खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख अर्थात् वार्षिक लक्ष्यको ३८ दशमलव ३८ प्रतिशत मात्रै छ । यसरी लक्ष्यभन्दा कम राजस्व उठेपछि प्रदेश र स्थानीय तहमा जाने अनुदान कटौती गरिएको हो ।

गत आर्थिक वर्षमा पनि सरकारले यस्तो अनुदान कटौती गरेको थियो भने प्रदेश र स्थानीय तहहरूले ठेक्का लागिसकेका र काम अघि बढिसकेका योजना तथा कार्यक्रमको बजेट कटौती भएको भन्दै असन्तुष्टि पोखेका थिए ।

अघिल्लो वर्ष महालेखा नियन्त्रक कार्यालयले २०८१ माघ २९ मा सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पत्र पठाउँदै तेस्रो किस्ताबापतको वित्तीय समानीकरण अनुदानमा २५ प्रतिशतमध्ये १३ दशमलव २४ प्रतिशत अर्थात् वार्षिक बजेटको ६३ दशमलव २४ प्रतिशत नबढ्ने गरी बजेट निकासा गर्न भनेको थियो । तर प्रदेश तथा स्थानीय तहको चर्को विरोध पछि महालेखा नियन्त्रक कार्यालयले त्यसलाई संशोधन गरेर २०८१ फागुन १३ गते अर्को परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्तावापतको भुक्तानी हुने रकम केही बढाएको थियो ।

जसअनुसार तेस्रो किस्ताबापतको २५ प्रतिशतमध्ये २१ दशमलव ०८ प्रतिशत अर्थात् कूल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७१ दशमलव ०८ प्रतिशत नबढ्ने गरी वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन भनेको थियो ।

तल्लो तहमा जाने यस्तो अनुदान तेस्रो किस्ता मात्र नभई अन्तिम किस्ता पनि कटौती भएको थियो । अर्थ मन्त्रालयले २०८२ वैशाख १६ गते महालेखा नियन्त्रक कार्यालयलाई पत्र लेख्दै चौथो किस्ताबापतको वित्तीय समानीकरण अनुदान कटौती गर्न भनेको थियो । अर्थ मन्त्रालयको सो निर्देशन पछि महालेखा नियन्त्रक कार्यालयले वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताबापतको २० दशमलव ६८ प्रतिशत हिस्सा मात्रै पठाउने निर्णय गरेको थियो ।

गत आवमा वर्ष प्रदेश तथा स्थानीय तहहरूले कूल स्वीकृत वार्षिक बजेटमध्ये चौथो किस्तासम्मको ९१ दशमलव ७६ प्रतिशत बराबर मात्रै बजेट पाएका थिए ।

# रासायनिक मल कम आयात हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि तथा पशुपक्षी विकास मन्त्रालयले गत आर्थिक वर्षको तुलनामा यस आवमा करिब एक लाख मेट्रिक टन मल कम आयाता गर्ने भएको छ । अन्तरराष्ट्रिय बजारमा मलको मूल्य वृद्धि भएकाले आयातमा कमी हुने भएको हो । सरकारले मलका लागि अनुदानस्वरूप विनियोजन गरेको रु २८ अर्ब ८२ करोडको बजेटबाट पाँच लाख ५० हजार टन मल आयात गर्ने लक्ष्य राखेको थियो । अन्तरराष्ट्रिय मूल्य बृद्धि भएपछि विनियोजित बजेट ८४ हजार टन रासायनिक मल आयातका कमी हुने मन्त्रालयले जनाएको छ ।

चालु आवमा चार लाख ६६ हजार मेट्रिक टन मल आयातको लागि बोलपत्र भएको छ । बोलपत्र आह्वान गरिएको मलमध्ये केही परिमाण आएको तथा केही परिमाण आयातको प्रक्रिया पूरा गरी आउने क्रममा बाटोमा छ । मल खरिद गर्न विनियोजित बजेटबाट रकम अपुग भएपछि मन्त्रालयले वैकल्पिक स्रोत खोजी गरेको भए पनि रकम जुटाउन नसकेको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए ।

देशभर बजारमा हाल मलको अभाव नरहेकाले किसानलाई खेती तथा बाली लगाउन समस्या नहुने मन्त्रालयले जनाएको छ । उनका अनुसार करिब एक लाख १५ हजार मेट मल मौज्दात छ । कृषि सामग्री कम्पनीले रासायनिक मलको करिब सत्तरी प्रतिशत हिस्सा र साल्ट ट्रेडिङ लिमिटेडले ३० प्रतिशत हिस्सा आपूर्ति तथा बिक्री गर्दै आएको छ ।

स्वदेशमा रासायनिक मल उत्पादन नहुँदा अन्तरराष्ट्रिय ग्लोबल बोलपत्रको माध्यमबाट अन्तरराष्ट्रिय बजारबाट खरिद गर्ने गरिएको छ । मल कलकत्ता, हल्दियालगायत स्थानबाट ल्याइने तथा देशका विभिन्न गोदामस्थल विराटनगर, वीरगञ्ज, भैरहवामा मौज्दात गरी देशभर मागको अनुपातमा आपूर्ति तथा बिक्री गरिन्छ । अन्तराष्ट्रिय बजारबाट विद्युतीय खरिद प्रणाली (इविडिङ)मार्फत आपूर्ति गर्दा प्रक्रिया लामो भएर समयमा मल उपलब्ध गराउन समस्या हुने गरेको छ । विसं २०७८ को कृषिगणना अनुसार किसान परिवारमध्ये ७६ प्रतिशत किसान परिवारले धान बालीमा रासयनिक मल प्रयोग गरेको जनाइएको छ ।

# मापदण्डअनुसार पानी नछाड्दा सुक्यो मोदीखोला

**पर्वत–** जलविद्युत् आयोजनाहरूले मापदण्डअनुसार पानी नछाड्दा पर्वतको मोदीखोला संकटमा परेको छ । पर्वत खण्डमा मोदीखोलामा मात्रै नेपाल विद्युत् प्रधिकरण अन्तर्गतको १४.८ मेगावाटको मोदीखोला जलविद्युत् केन्द्र, १५.८ मेगावाटको मध्यमोदी हाइड्रोपावर लिमिटेड र २० मेगावाटको तल्लो मोदीखोला जलविद्युत् आयोजना र १० मेगावाटको तल्लो मोदी 'ए' गरी चारवटा आयोजना छन् ।



जसमध्ये मोदी गाउँपालिकामा तीन र कुश्मा नगरपालिकामा एउटा आयोजना सञ्चालनमा छन् । नेपालको जलविद्युत् तथा जलस्रोत नीतिअनुसार आयोजनाले नदीमा कम्तीमा २५ प्रतिशत प्राकृतिक बहाव निरन्तर छाड्नुपर्ने कानुनी प्रावधान छ । तर यसको व्यावहारिक कार्यान्वयन नहुँदा मोदीखोला संकटमा परेको हो ।

खोलामा पानीको बहाव नहुँदा जलचर समेत संकटमा परेका छन् । मोदीखोलाको प्रख्यात असला माछाको अस्तित्वसमेत गुम्दै गएको छ । मोदी खोलामा विसं २०५७ मा पहिलो पटक सञ्चालित आयोजना मोदीखोला जलविद्युत् केन्द्र हो । यसको पानीको ड्याम जलाशय बेतेनीमा अवस्थित छ, भने विद्युत्गृह चाहीँ पातिचौरमा । मध्यमोदी हाइड्रोको पानीको ड्याम जलाशय वीरेठाँटी र विद्युत्गृह बेतेनीमा छ ।

यस्तै, तल्लो मोदीखोला जलविद्युत् आयोजनाको ड्याम जलाशय पातिचौरमा र विद्युत्गृह चाहीँ कुश्माको परादीमा अवस्थित छ । कास्की र पर्वतको सिमाना नयाँ पुलदेखि पर्वतको कुश्मा नगरपालिका-८ चुवासम्म झण्डै १२ किलोमिटर लामो दुरीमा कतैपनि पानीको थोप्लासमेत देख्न पाइँदैन । यसले स्थानीयवासीको दैनिकीसमेत कष्टकर बन्दै गएको स्थानीय देवी लामिछानेले बताए ।

कुश्मा नगरपालिकाको चुवास्थित १० मेगावाट क्षमताको तल्लो मोदीखोला जलविद्युत् आयोजनाको ड्याम जलाशय परादीमा बाँधिएको छ । यसको जलविद्युत् गृह भने चुवाको सुइटेबौरमा निर्माण गरिएको छ । चारवटै जलविद्युत् गृह लहरै अवस्था छन् । एउटा जलविद्युत् गृहको पानीको ड्याम जलाशयबाट छाडिएको पानी खोलामा बग्न नपाउँदै अर्को जलविद्युत् गृहको ड्याममा मिसिन पुग्छ । यसले गर्दा पनि मोदीखोलामा पानीको संकट उत्पन्न भएको छ ।

मोदी गाउँपालिकाले खडेरी सुरु हुनासाथ जलविद्युत् गृहका जिम्मेवार कर्मचारीलाई बोलाएर कानुनले निर्देशित गरेको पानी खोलामा छाड्न अनुरोध गरे पनि त्यसको कार्यान्वयन नभएको बताएको छ । मोदी गाउँपालिकाका उपाध्यक्ष बिमल लामिछानेले भने, 'जलविद्युत् गृहले मोदीखोलामा पानी नछाड्दा तटीय क्षेत्रका बस्ती प्रभावित बन्ने खतरा छ । हामीले कार्यपालिकाबाट बैठक नै गरेर धेरैपटक सम्बन्धित हाइड्रो सञ्चालकलाई पत्राचारदेखि अनुगमनसम्म गरेका छौं, मापदण्डअनुसार पानी छाड्न भनेका छौं तर उहाँहरूले कहिल्यै टेर्नुभएको छैन ।'

गाउँपालिकाले मोदी खोलाबाट उत्पादित हुने विद्युत्बाट वार्षिक झण्डै रु डेढ रूपैयाँ रोयल्टी प्राप्त गर्दै आएको छ । बिजुली उत्पादनका नाममा वातावरणलाई दीर्घकालीन असर पार्ने काम बन्द गर्न स्थानीयले माग गरेका छन् । पानी बग्नुपर्ने खोलामा हिजोआज कमिला हिँड्न थालेको भन्दै कम्पनीको स्वार्थका लागि प्रकृतिसँग नखेल्न चेतावनी दिएका छन् । 'खोलाको पानीमा निर्भर सिँचाइ खेती प्रभावित भएको छ । खानेपानीको मुहानमा समस्या आउन थालेको छ,' तिलाहरका किसान रमाकान्त क्षेत्रीले भन्नुभयो, 'यस क्षेत्रका माछा हराएर गइसके, चराचुरुंगी र वन्यजन्तुको बासस्थान नष्ट भएको छ, प्रकृतिमाथिको दोहनका कुरा कसले सुन्ने ?'

खोला सुकाएको विषयमा जनस्तरबाट हरेक वर्ष गुनासो जिल्ला प्रशासन कार्यालमा पुग्ने गर्छ । जलविद्युत् गृहका कर्मचारीलाई बोलाएर छलफल गराउने पनि गरिन्छ । तर कार्यान्वयन हुँदैन । 'गत वर्ष बोलाएर जुनै पनि हालतमा कम्तीमा १० प्रतिशत पानी छाड्न भनेका हौं, त्यसरी खोलै सुकाएर पर्यावरणमा असर पार्ने काम गर्न त पाइएन नि,' सहायक प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद पौडेलले भने, 'गाउँपालिकाले हामीले नियमन गर्न सकेनौं भन्न पाइयो र ? हामीले प्रहरी खटाउनुपर्छ कि, के गर्नुपर्छ ? त्यो चाहीँ भन्नुपर्‍यो । अब छिट्टै हाइड्रोका कर्मचारीलाई बोलाएर छलफल गर्छौं ।'

तल्लो मोदी जलविद्युत् आयोजनाका प्रमुख सुरेन्द्र बेलवासेले आफूहरूले मापदण्ड अनुसारनै खोलामा पानी छाडेको दाबी गरेका छन् । अन्य हाईड्रोहरूले के गरेका छन् थाहा भएन तर आफूहरूले भने मापदण्ड अनुसार नै पानी खोलामा बग्न दिएको उनको दाबी छ । *रासस*

# गहुँको समर्थन मूल्य तोक्ने प्रक्रिया सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं –** कृषि विभागले गहुँको समर्थन मूल्य तोक्न आवश्यक अध्ययन थालेको छ । विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न १० जिल्लामा स्थलगत अध्ययन थालेको हो । अध्ययनका क्रममा गहुँ उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति र बजार मूल्यको विश्लेषण गरी उत्पादनलागत आधारमा न्यूनतम समर्थन मूल्य निर्धारण गरिने विभागले जनाएको छ ।



विभागको टोलीले स्थलगत अध्ययन गरेपछि निर्धारण गरिने वैज्ञानिक मूल्य कृषि तथा पशुपक्षी विकास मन्त्रालयमा सिफारिस गरेर पठाइने विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिनुभयो । सिफारिस भएर आएको मूल्यमा विभागीय मन्त्रालयले थप छलफलका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गर्ने विभागले जनाएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले उत्पादन लागत र अन्य सान्दर्भिक आधारहरू समेटेर गरेको मूल्य सिफारिसलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने उनले बताए ।

सम्पूर्ण प्रक्रिया पूरा भएपछि मन्त्रिपरिषद् बैठकले मूल्य तोक्ने छ । यसरी तोकिएको मूल्य आधिकारिक रूपमा सार्वजनिक गरिने विभागका महानिर्देशक सञ्जेलले जानकारी दिए । सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत गहुँ खरिद हुने जनाउँदै उनले यस वर्ष २२ लाख मेट्रिकटन गहुँ उत्पादन हुने अनुमान गरिएको बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ